- ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।
- ज्येष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं । सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय ‘क’ वर्ग

eprateekdaily.com





Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ फागुन २७ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 March 11 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९५


## देश विकसित बनाउन घरेलु उद्योगको महत्त्वपूर्ण भूमिका - प्रम देउवा

प्रस, वीरगंज, २६ फागुन/

प्रधानमन्त्री शेरबहादुर देउवाले देशलाई विकसित बनाउन घरेलु तथा साना उद्योगको ठूलो हात रहेको बताएका छन् ।



तस्वीर: प्रतीक

बिहीवार वीरगंजमा नेपाल घरेलु तथा साना उद्योगको २५औं महाधिवेशनको उद्घाटन गर्दै उनले घरेलु तथा साना उद्योगले नेपालमा खेलेको भूमिका महत्त्वपूर्ण भएको बताउँदै रोजगार सिर्जना गरेकोमा धन्यवाद दिए ।

प्रम देउवाले उद्योग क्षेत्रलाई शान्ति क्षेत्र बनाउन सरकार लागिपरेको र सरकारले लघु उद्योग विकासको लागि विभिन्न योजनासमेत ल्याएको बताए । उनले कोभिडको कारण समस्यामा परेका लघु तथा ठूला उद्योगहरूको समस्या समाधानका लागि महासङ्घसँग सरकारले छलफल गर्ने बताए । उनले सीमित स्रोत साधनका बीच लघु उद्योगले नेपालमा रोजगार सिर्जना गर्नुका साथै महिलाहरूलाई पनि सहभागी गराएको बताए । साना उद्योगले कुल गार्हस्थ्य उत्पादनमा महत्त्वपूर्ण सहयोग गरेको तथ्याङ्कले देखाएको उनको भनाइ थियो ।

प्रम देउवाले औद्योगिकीकरण नभएसम्म मुलुकले विकास नगर्ने र विदेशी दातृसंस्थालाई पनि यस कार्यमा सहयोग गर्नुपर्नेमा जोड दिए । उनले महिला आफैं स्वरोजगार भएमा मुलुक चाँडै विकासतर्फ अग्रसर हुने उनको भनाइ थियो ।

कार्यक्रममा अन्य वक्ताहरूले नेपाल सरकारको नीतिका कारण उद्योग, व्यवसाय चौपट भएको बताए । बैंकले साना उद्यमीहरूलाई ऋण नदिने र ठूला उद्योगीहरूलाई अर्बौंको ऋण दिने प्रक्रिया तत्काल रोक्नुपर्ने माग गरे । भन्सारको झन्झटिलो प्रक्रिया, कच्चा पदार्थको अभावसँगै विद्युत्को समस्याका कारण उद्योगहरूको अवस्था दिन प्रतिदिन खस्किंदै गएको बताए । वक्ताहरूले उद्योगीको पक्षमा नेपाल सरकार नरहेको र कर उठाउन मात्र ध्यान दिएको कारण उद्योगी–व्यवसायीहरू मर्कामा परेको बताए ।

महासङ्घका अध्यक्ष श्यामप्रसाद गिरीको अध्यक्षतामा भएको कार्यक्रममा खानेपानी तथा ऊर्जामन्त्री उमाकान्त चौधरी, प्रदेशमन्त्री ओमप्रकाश शर्मा, वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगी, महासङ्घका उपाध्यक्ष शिव उपाध्यायलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन महासङ्घका सचिव डम्बर रेग्मीले गरेका थिए ।

अध्यक्ष गिरीले औपचारिक कार्यक्रमपछि दुई दिने अधिवेशनको पहिलो दिन आज सहमतिमा समिति बनाउने र सहमति नभए निर्वाचन प्रक्रियामा जाने जानकारी गराएका थिए ।

## पोखरिया नगरपालिका र प्रदेश सरकारविरुद्ध प्रदर्शन

प्रस, पोखरिया, २६ फागुन/

लोकतान्त्रिक समाजवादी पार्टी, पर्साले पोखरिया नगरपालिका तथा प्रदेश सरकारविरुद्ध बिहीवार प्रदर्शन गरेको छ । लोकतान्त्रिक समाजवादी पार्टीका नेता नेजामुद्दीन समानीको नेतृत्वमा आज बिहान पोखरिया अस्पतालमा प्रदर्शन गरिएको थियो ।



तस्वीर: प्रतीक

पोखरिया अस्पतालमा शल्यक्रिया कक्ष, आइसियू, एनआइसियू सञ्चालनको लागि आवश्यक उपकरण र औषधि खरीद नगरेको, स्वास्थ्य बीमा गराएकाहरूलाई औषधि तथा उपचार सेवा नदिएको, आवश्यक केमिकलको अभावमा मेशिन सञ्चालन नभएको, बिरामीहरूलाई भर्ना नगरिएको भन्दै प्रदर्शनकारीले प्लेकार्डसहित प्रदर्शन गरेका थिए ।

नेता समानीले प्रदेश सरकारले ५० शय्याको अस्पताल घोषणा गरी उपकरण पठाए पनि हालसम्म जनशक्ति नपठाएको, पोखरिया माविलगायत विभिन्न विद्यालयहरूको समस्या समाधान नगरेको, पोखरियामा मालपोत कार्यालय, भूमिसुधार, नापी तथा जिल्ला प्रशासन कार्यालयका शाखा स्थापनाको लागि पहल नगरेको भन्दै दबाबस्वरूप प्रदर्शन गरिएको बताए ।

## भेडाहा र बाघमोर्चा खोलाबाट नदीजन्य पदार्थको तस्करी तीव्र

प्रस, पर्सागढी, २६ फागुन/

वीरगंज महानगरपालिका र पर्सागढी नगरपालिकाबीच रहेको भेडाहा खोलाबाट दैनिक बालुवा, ग्रेभल तस्करी भइरहेको छ ।


भेडाहा खोलाबाट टचाक्टर र बयलगाडाबाट बालुवा, ढुङ्गा, ग्रेभलको तस्करी गरिंदै ।

साँझ चार बजेदेखि बिहान आठ बजेसम्म भेडाहा खोलाबाट सयौं टचाक्टर बालुवा, गिट्टी तस्करी हुने गरेको छ । त्यसैगरी बयलगाडाबाट दिनभरि नै बालुवा ओसारिन्छ ।

तस्करीगरी ल्याइएको बालुवा, गिट्टी, ग्रेभल, ढुङ्गा तस्करहरू महँगो मूल्यमा बिक्री गर्छन् । तस्करहरूले प्रहरी चौकी मिलनचोक र सशस्त्र बेस क्याम्प सोलखपुरलाई नदीजन्य पदार्थ बोकेको


पटेर्वासुगौली गापाको बाघमोर्चा नदीबाट बालुवा तस्करी गरी लैजाँदै । तस्वीर: प्रतीक

टचाक्टर प्रतिटिप रु पाँच सय बुझाउँदै आएको बताएका छन् ।

भेडाहा खोलाको सय मिटर नजीकै प्रहरी र सशस्त्र प्रहरीको कार्यालय भए पनि उनीहरूको सामुन्नेबाट सयौं टचाक्टर ढुङ्गा, बालुवा, ग्रेभलको तस्करी भइरहेको छ । यसबारे सुरक्षाकर्मीलाई सोध्दा खोलाको तस्करी रोक्न हामी यहाँ बसेका होइनौं, हाम्रो अरू पनि काम छ भन्छन् ।

दिनहुँ ढुङ्गा, बालुवा तस्करी भइरहेको देखेर प्रहरी र स्थानीय तहलाई खबर गर्नुको साटो स्थानीय बासिन्दा सञ्चारकर्मीलाई जानकारी गराउँछन् किनभने तस्करी नियन्त्रणतर्फ प्रहरी प्रशासन र स्थानीय तहले चासो देखाएका हुँदैनन् ।

पटेर्वासुगौली गाउँपालिका अन्तर्गत बाघमोर्चा खोलाबाट पनि नदीजन्य पदार्थको तस्करी भइरहेको छ । प्रहरी चौकी रङ्गपुर, सबडिभिजन वन कार्यालय रङ्गपुरको मिलेमतोमा तस्करहरूले दिनभरि टचाक्टरबाट ढुङ्गा, बालुवा, ग्रेभल तस्करी गरिरहेको स्थानीय बासिन्दाको गुनासो छ ।

## छोटकरी

### पोखरीमा किशोरीको शव

प्रमोद यादव, पंचगावाँ, २६ फागुन/

सखुवाप्रसौनी गाउँपालिका–१ अकवनियामा श्याम खड्काले खनेको माछापोखरीमा एकजना किशोरीको शव भेटिएको छ ।

औराहा टोलका सुरेन्द्र महतो थारूकी १६ वर्षीया छोरी अर्चनाकुमारी थारूको शव बिहीवार दिउँसो २ बजे भेटिएको प्रहरीले जनाएको छ । किशोरी माछा मार्न पोखरीमा जाँदा चिप्लिएर डुबेको हुन सक्ने प्रहरीको अनुमान छ । प्रहरीले शवको शल्यपरीक्षणपछि थप कुरा खुल्ने बताएको छ ।

## आगामी चुनावमा गठबन्धनका दलसँग तालमेल हुन सक्छ –प्रम देउवा

राधेश्याम पटेल, वीरगंज, २६ फागुन/

प्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले आगामी स्थानीय निर्वाचनमा गठबन्धन दलसँग तालमेल गर्ने सङ्केत गरेका छन् ।

बिहीवार पर्सा काङ्ग्रेसका नवनिर्वाचित पदाधिकारी तथा कार्यसमितिलाई प्रमाणपत्र वितरणपश्चात् प्रम देउवाले निर्वाचनमा तालमेल मिल्न सक्ने सङ्केत गरेका हुन् । गठबन्धनकै कारण आफू प्रधानमन्त्री बनेको उदाहरण पटकपटक दोहोऱ्याँदै देउवाले गठबन्धन दलका नेताहरूलाई अनावश्यकरूपमा नचिढ्याउनसमेत आग्रह गरे ।





तस्वीर: प्रतीक

“म प्रधानमन्त्री हुने नै थिइनँ, यसपालि । गठबन्धनका साथीहरू तथा मधेसका साथीहरूले सहयोग गरेर प्रधानमन्त्री भएको हुँ,” प्रम देउवाले भने । प्रम देउवाले गठबन्धनको सरकार बनेपछि डरत्रास हटेको तर्कसमेत प्रस्तुत गरे ।

“काङ्ग्रेसको उद्देश्य नै नेपालमा प्रजातन्त्र स्थायी गराउने हो, सम्पूर्ण मौलिक अधिकारलाई प्रत्याभूत गर्ने प्रणाली बनाउने हो,” उनले थपे, “यसैका लागि मलाई गठबन्धनले प्रधानमन्त्री बनाएको हो ।”

आगामी निर्वाचनमा कसरी जाने भन्नेबारेमा सबै पार्टीमा छलफल हुने उल्लेख गर्दै सबैको सहयोग लिन जरुरी रहेको उनले बताए । अघिल्लो निर्वाचनमा काङ्ग्रेस नराम्ररी पराजित बनेको सुनाउँदै प्रम देउवाले अब पहिलो पार्टी बनाउन नेता, कार्यकर्ताहरू लाग्नुपर्ने निर्देशनसमेत दिए । स्थानीय, प्रदेश र केन्द्रमा पनि हामी पहिलो पार्टी बन्नेतिर लाग्नुपर्छ,” प्रम देउवाले भने, “अर्कोतिर विपक्षी पार्टी एमाले छ । सशक्त छ । उनीहरूमा एकता छ, हाम्रोमा एकता छैन, अब मजबूत बन्नुपर्छ ।” अत्यधिक सिट जित्न भित्री तयारी गर्नसमेत उनले आग्रह गरे ।

कार्यक्रममा पूर्वमन्त्री सुरेन्द्र चौधरी, केन्द्रीय सदस्य रमेश रिजाल, अजयकुमार चौरसिया, संविधानसभा सदस्य अनिल रूँगटालगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा पर्साका पूर्वसभापति अजयकुमार द्विवेदी, मधेस प्रदेशका खानेपानी तथा ऊर्जामन्त्री ओमप्रकाश शर्मा, वर्तमान सभापति जनार्दनसिंह क्षत्रीलगायतको सहभागिता थियो । कार्यक्रममा सहजीकरण तीर्थराज यादव र स्वागत वृहस्पतिकृष्ण श्रेष्ठले गरेका थिए ।

## विचारसार र सूक्तिहरू

हिम्मत हार्नुहुँदैन, अझ धेरै टाढा जानु छ। जसले यो तिम्रो वशमा छैन भनेका छन्, तिनलाई पनि गरेर देखाउनु छ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## अब इन्डक्शनतर्फ

**आइओसीबाट एलपी ग्याँस आउने क्रम एक हप्ता मात्रै रोकियो भने नेपालमा हाहाकार मच्चिन्छ। मुलुकको भौतिक पूर्वाधारको जति विकास हुँदै गयो, त्यति नै एलपी ग्याँसको पहुँच गाउँगाउँसम्म पुगेको छ। वातारण र मानव स्वास्थ्यसम्बन्धी चेतना अभिवृद्धिसँगै खाना पकाउन दाउराको प्रयोग न्यून भइरहेको छ। मुलुकमा सबैको समान हैसियत छैन। खाना पकाउने ग्याँसको सिलिन्डर, चुलो सहज तरीकाले किन्न नसक्ने अवस्थाका परिवार धेरै छन्। निम्न आयस्तर भएका घरपरिवारलाई लक्षित गरी विभिन्न क्षेत्रबाट ग्याँस सिलिन्डर, चुलो निशुल्क वितरण भइरहेको छ। मधेस प्रदेशमा विशेषत: पालिकाहरूले ग्याँस सिलिन्ड, चुलो वितरण कार्यक्रमलाई प्राथमिकता दिएको पाइन्छ। संसदीय कोषको रकम र प्रदेश सरकारको अनुदान सहयोगसमेत यसै शीर्षकमा खर्च भइरहेको छ। यसैगरी, हालै भारत सरकारले पनि मधेसका तीनवटा जिल्लामा निम्न आयस्तरका समुदायलाई तीन हजार सेट ग्याँससहित सिलिन्डर र चुलो अनुदान सहयोग दिने भएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ सङ्घ/संस्थाहरूले पनि विभिन्न क्षेत्रमा यस किसिमको अनुदान सहयोग प्रदान गर्दै आएका छन्।**

**भनाइ छ–"च्याउको स्वाद नखाएसम्म थाहा हुँदैन, खाएपछि पल्किन्छ।" एलपी ग्याँसमा नेपाली उपभोक्तालाई त्यस्तै भएको छ। दाउरा वा गुइँठामा खाना बनाइरहेका उपभोक्ताले अनुदानमा नै भएपनि ग्याँस पाएपछि उसलाई ग्याँस प्रयोगको बानी पर्छ। अर्कोपटकदेखि सहुलियत नभए पनि सहजताका कारण ग्याँस भराउन गृहिणीहरू आफैं अग्रसर हुन्छन्। केही वर्ष पहिलेसम्म वीरगंज, कलैयालगायत शहरमा देखिने दाउराको पसल अब दुर्लभ भइसकेको छ। झुपडीमा समेत दु:ख सहेर भएपनि ग्याँसको बानी परिसकेको कारण दाउराको माग शून्यमा झरेको हो। ग्याँसको प्रयोग सहज र स्वास्थ्यका लागि हितकर छ भने यसले मुलुकलाई परनिर्भर बनाइरहेको छ। मुद्रा खर्चेर पनि परनिर्भर बन्नुपर्ने अवस्था ग्याँस तथा पेट्रोलियम पदार्थले सृजना गर्दछ। पैसा तिर्दा पनि खाना पकाउने ग्याँस नपाएको अवस्था मुलुकले धेरैपटक सामना गरिसक्यो।**

**आक्कल-झुक्कल ग्याँस अभाव रहने कुरा उपभोक्ताका लागि सामान्य हो। यसको एउटै मात्र विकल्प, विद्युतीय उपकरण हो। दुर्गम जिल्लाहरूबाट काठमाडौं बसेर उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीका लागि इन्डक्सन चुलो निशुल्क उपलब्ध गराउने सङ्घीय सरकारले निर्णय गरेको छ। यो निर्णय कार्यान्वयनमा जाने हो भने राष्ट्रहितकारी हुनेछ। मुलुकमा प्रशस्त बिजुली उत्पादन भइरहेको छ। इन्डक्शनको प्रयोगले स्वदेशमै बिजुलीको खपत वृद्धि हुने त छँदैछ, स्वदेशी मुद्रा विदेशिनुबाट रोकेर व्यापार घाटा न्यूनीकरण गर्न सघाउँछ। अर्कोतर्फ ढाडै भाँच्चिने गरी एलपी ग्याँसमा भइरहेको मूल्यवृद्धिबाट उपभोक्ताले राहत पाउनेछ। वर्तमान मूल्यसूची अनुसार बिजुलीमा खाना पकाउनु ग्याँसभन्दा कम्तीमा चार गुना सस्तो पर्ने अध्ययनले देखाइसकेको छ। अझ महत्त्वपूर्ण कुरा त के भने पैसा तिरेर विदेशमा निर्भर हुनुपर्ने अवस्थाको अन्त्य हुनेछ। नाकाबन्दी, हडताल, विक्रेताहरूको सिन्डीकेटलगायतबाट उपभोक्ता मुक्त हुनेछ। यसर्थ मुलुकले अब ग्याँसयुग अन्त गरेर इन्डक्सनयुगतर्फ प्रवेश गर्न विलम्ब गर्नुहुन्न। यसको निम्ति ग्याँस सिलिन्डर, चुलोमा खर्च भइरहेको रकम सबै पक्षले इन्डक्शन चुलो खरीद, उत्पादन र प्रवर्द्धनमा लगानी गर्नु जरुरी छ।**

# आफैं सिंह र आफ्नै दरबार

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**चुनाव अघि नै सक्षम र सबलको परिभाषामा नअटाइसकेकाहरू पैसाको भरमा चुनाव जितेपछि थप सबल बन्ने प्रयास गर्नु अस्वाभाविक होइन। विनियोजित बजेट खर्च नहुनु तर बेरूजु बढ्नु दुर्भाग्यपूर्ण हो। जनता पनि चनाखो हुनु आवश्यक छ।**

नेपाल अधिराज्यको संविधान–२०७२ निर्माण हुँदाको बेला मधेस केन्द्रित राजनीतिक दलहरूले राज्यको पुनर्संरचनाको माग गर्दै देशको २४७ वर्ष पुरानो एकात्मक शासन प्रणाली अन्त्य गरी सङ्घात्मक शासन प्रणाली माग गरेका थिए। उनीहरूको माग भनेको राज्यको शक्तिको अधिकारको विभाजन थियो। स्थानीय तहको पुरानो संरचनासित तिनको कुनै गुनासो थिएन। बरु नवनिर्वाचित प्रादेशिक सरकारहरू आफ्नो तरीकाले स्थानीय संरचना गठन र तत्पश्चात् निर्वाचन गराउने पक्षमा थिए तर संविधान निर्माणमा लागेका दलहरू सैद्धान्तिकरूपमैं सङ्घीयता विरोधी भएका कारण स्थानीय तहलाई प्रादेशिक सरकारभन्दा बढी शक्तिशाली र सामर्थ्यवान् बनाउने काम गरेर एक किसिमले स्थानीय तहलाई प्रादेशिक सरकारको सौताको रूपमा स्थापित गरे। गाउँ–गाउँमा सिंहदरबारको नारा अघि सारियो। स्थानीय तहका निर्वाचितमध्ये अधिकांशले आफूलाई 'सिंह' र आफ्नो घरलाई 'दरबार' बनाउने काम गरे। घूस र भ्रष्टाचारको आरोपमा चार दर्जनजति स्थानीय तहका प्रतिनिधिले मुद्दा खेप्नु यसको प्रमाण हो। साढे चार वर्षमा स्थानीय तहका जनप्रतिनिधिविरुद्ध २० हजारबन्दा बढी उजूरी अख्तियारमा दर्ता हुनुले स्थानीय तहको आवश्यकता र औचित्यमाथि प्रश्नचिह्न तेर्सिएको छ।

विगत तीन वर्षमा स्थानीय तहमा झन्डै एक खर्ब बेरूजु बढ्नुको अर्थ आर्थिक कारोबार पारदर्शी र व्यवस्थित नहुनु हो। आर्थिक वर्ष २०७७–०७८ को लेखा परीक्षणको प्रतिवेदन आउन बाँकी नै छ। आव २०७६–०७७ मा धेरै बेरूजु देखिएका १० स्थानीय तहहरूमध्ये सबै मधेस प्रदेशकै हुन्। त्यसमा पनि महोत्तरी र रौतहटका ३–३, सर्लाहीका २ र धनुषा तथा पर्साका एक–एकवटा रहेका छन्। प्रत्येक कुरामा काठमाडौंलाई दोषारोपण गरेर आफू उम्किन खोज्ने मधेस प्रदेशका मधेसी केन्द्रित नेताहरू सुशासन, इमानदारिता र पारदर्शितासित किन नाता जोड्न सकिरहेका छैनन्? मधेस प्रदेशमा सुशासन कायम नहुनु र पारदर्शिता नहुनुमा सबै दलका नेता र पार्टी जिम्मेवार छन् तर प्रमुख जिम्मेवारी त मधेस केन्द्रित दलहरूकै हो किनभने स्थानीय तहको निर्वाचनमा पनि मधेसीको अधिकार र संविधान संशोधनको मुद्दा नै उठाइएको थियो।

अख्तियार दुरुपयोग अनुसन्धानले देखेको भ्रष्टाचारमा भौतिक संरचनाको मूल्याङ्कन, कार्यसम्पादन प्रतिवेदन, निकासा र भुक्तानी दिने क्रममा घूस दिनुपर्ने अवस्था पाइएको छ। त्यसैगरी हिजोसम्म निश्शुल्क रहँदै आएको जन्मदर्ता, नाता प्रमाणित, नागरिकता सिफारिश र चार किल्ला सिफारिशमा पनि घूस दिनुपर्ने अवस्था रहेको छ। अर्को निकायबाट निर्माण भइरहेको आयोजनामा आफ्नो पनि लगानी रहेको भनेर दोहोरो रकम हिसाब गरेर अनियमितता, नक्कली भर्पाई, किर्ते सहीछाप बनाएर पनि अनियमितता भएको पाइएको छ। उपभोक्ता समितिहरू बनाएर अनधिकृत पेश्की दिने, सम्झौताविपरीत भएको आयोजनामा काम नै नगरी खाने–मास्ने, राजस्व चुहावट र हिनामिना गर्नेजस्ता उजूरी अख्तियार सामु बढी आएको देखिन्छ।

विद्यालयका भौतिक निर्माणको काम सम्पन्न नगर्ने, छात्रवृत्ति रकम, स्यानिटरी प्याड वितरण नगर्ने, पाठ्यपुस्तक खरीद नगर्ने तर खर्च देखाउने तथा शिक्षकको तलब र सामाजिक सुरक्षा करमा पनि हिनामिना भएको पाइएको छ। स्थानीय तहको बजेट निजी खातामा स्थानान्तरण गर्ने, बैंकबाट रकम झिकेर घर व्यवहार चलाउने, नक्कली बैंक ग्यारेन्टीका आधारमा मोबिलाइजेशन पेश्की दिने गुनासो पनि प्राप्त भएको अख्तियारको दाबी छ।

साढे चार वर्षको अवधिमा स्थानीय तह र त्यहाँका जनप्रतिनिधिविरुद्ध अख्तियारमा २० हजार उजूरी परेका छन्। आव २०७४–०७५ देखि ०७८–०७९ को पुससम्म अख्तियारमा ६७ हजार आठ सय ५४ वटा उजूरी दर्ता भएकोमा १९ हजार ९५७ स्थानीय तहका छन्। दोस्रो नम्बरमा शिक्षासँग सम्बन्धित २ हजार ५३७ उजूरी छन्।

आव २०७४–०७५ मा कुल ११ हजार ७६९ उजूरी परेको थियो। २०७५–०७६ मा स्थानीय तहविरुद्ध ५ हजार २२१ र ०७६–७७ मा ५ हजार ४४६ उजूरी परे। आव २०७७–०७८ मा भने उजूरी केही घटेको देखिन्छ। यो वर्ष स्थानीय तहविरुद्ध ४ हजार ८८ उजूरी परेको थियो। अख्तियारमा मुद्दा खेपिरहेका ३९ जनप्रतिनिधिहरूले १५ जना मधेस प्रदेशबाट छन् जसमध्ये दुईजना नगरप्रमुख, ५ जना वडाध्यक्ष, ४ जना वडा सदस्यमाथि घूस लिएको आरोप छ भने चारजना वडाध्यक्षमाथि भ्रष्टाचारको मुद्दा दर्ता भएको छ। दैलेखका एकजना वडाध्यक्ष र वडा सदस्यमाथि त प्रश्नपत्र आउट गरेको मुद्दासमेत दर्ता छ। पर्साका एकजना वडाध्यक्षमाथि गलत नागरिकता सिफारिश गरेको मुद्दा दर्ता भएको छ। महालेखाका अनुसार आव २०७६–०७७ मा देशको कुल बेरूजु चार खर्ब १८ अर्ब छ। स्थानीय तहमा रहेको एक खर्ब तीन अर्ब बेरूजु यसको २४.६७ प्रतिशत हो। स्थानीय तहले प्राप्त गरेको बजेटको अनुपातमा यो बेरूजु अत्यधिक हो। कुल बेरूजुमा सङ्घको ५५.५२ प्रतिशत, अन्य सङ्गठित संस्थाको १६.९० प्रतिशत र प्रदेशको करीब तीस प्रतिशत छ।

प्रक्रिया नपुऱ्याई गरिने खर्च बेरूजु हो। कतिपयले बेरूजुलाई नै भ्रष्टाचार पनि भन्ने गर्दछन् तर प्रमाण भएपछि बेरूजुको फछ्र्यौट भने गर्दछ। चार वर्ष अघि ०७३–०७४ मा स्थानीय तहको बेरूजु १४ अर्ब २४ करोड ६० लाख थियो। अहिले स्थानीय तहमा रहेको नेतृत्व ०७४ वैशाख, असार र असोजमा अस्तित्वमा आएको थियो। उनीहरूले ०७४–०७५ मा पहिलो बजेट ल्याएका थिए। पहिलो वर्ष नै २१ अर्ब ७४ करोड ६५ लाख थपिएर बेरूजु ३५ अर्ब ९९ करोड २५ लाख पुग्यो। त्यस्तै आव २०७५–०७६ मा ३३ अर्ब ८१ करोड थपिंदा ६९ अर्ब ८१ करोड बेरूजु पुग्यो। बेरूजु बढ्ने क्रम रोकिएन। ०७६–०७७ मा ४० अर्ब ८३ करोड ४७ लाख बढेर एक खर्ब तीन अर्ब बेरूजु निस्कियो।

स्थानीय सरकारहरूले ल्याएको बजेटको ठूलो अंश खर्च गर्न हुन सकेको छैन। महालेखा नियन्त्रणको कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार स्थानीय तहहरूले २०७६–०७७ मा कुल चार खर्ब ६७ अर्ब ६५ करोड रुपियाँको बजेट ल्याएका थिए तर खर्च जम्मा तीन खर्ब २० अर्ब मात्र भएको थियो। विनियोजित बजेटको तुलनामा खर्च ६८.४५ प्रतिशत मात्र छ। पूँजीगततर्फ १ खर्ब २७ अर्ब १५ करोड मात्र खर्च भएको थियो। यो रकम उक्त शीर्षकमा विनियोजित बजेटको ३९.७३ प्रतिशत मात्र हो। चालूतर्फ पनि खर्च कमजोर छ। चालूतर्फ विनियोजित बजेटको ६०.२३ प्रतिशत अर्थात् १ खर्ब ९२ अर्ब ७६ करोड मात्रै खर्च भएको थियो जबकि त्यही वर्ष केन्द्रले ७१.१८ प्रतिशत खर्च गरेको थियो। १५ खर्ब ३२ अर्ब ९६ करोड बजेट ल्याएको केन्द्रले १० खर्ब ९१ अर्ब १३ करोड खर्च गरेको थियो। सङ्घले चालूतर्फ ९ खर्ब ५७ अर्ब १० करोड विनियोजन गरेर सात खर्ब ८४ अर्ब १४ करोड अर्थात् ८१.१२ प्रतिशत तथा पूँजीगततर्फ ४ खर्ब ८ अर्ब विनियोजन गरेर एक खर्ब ८९ अर्ब आठ करोड ४६.३४ प्रतिशत खर्च गरेको थियो। केन्द्र सरकारभन्दा पनि स्थानीय सरकारको खर्च गर्ने गति कम हुनुको अर्थ सेवा प्रवाह कमजोर हुनु हो। विनियोजित बजेट खर्च नभएको मात्रै होइन, भएको खर्च पनि अनियमित भएको बेरूजु अङ्कले प्रस्ट पार्छ।

राजनीतिक दलहरूले योग्य, सक्षम तथा पढेलेखेका व्यक्तिलाई पार्टीको आधिकारिक उम्मेदवार बनाउनुपर्नेमा चुनाव जित्ने क्षमता भएका ठेकेदार, व्यापारी, इँटाभट्टा मालिक, म्यानपावर सञ्चालक, एनजिओकर्मी तथा घरजग्गा दलालीमा लागेकाहरूसित मोटो रकम असुली उम्मेदवार बनाएपछि यस्तो समस्या हुनु अस्वाभाविक होइन। नगरप्रमुख अथवा अध्यक्षको अनुकूल काम नगर्ने हाकिमले कामै गर्न नसक्ने अवस्थाका कारण कतिपय स्थानीय तहको एक चौथाई अवधि त हाकिमको सरुवा र थमौतीमैं बित्ने गर्दछ। भागबन्डामा समन्वय मिलेन भने नगरपरिषद् गर्न समस्या हुन्छ। पार्टीको जथाभावी आदेश, हस्तक्षेप र नियन्त्रण पनि एउटा कारण हो। पैसा खर्च गरेर जनप्रतिनिधि हुने भएपछि उसले पैसा कमाउनु अस्वाभाविक होइन। सबै समस्याको जड देशमा राजनीतिक दलहरू हुन् जो विनापैसा टिकट दिंदैनन् अथवा दिए पनि जित्ने उम्मेदवारलाई मात्रै महत्त्व दिन्छन्। चुनाव अघि नै सक्षम र सबलको परिभाषामा नअटाइसकेकाहरू पैसाको भरमा चुनाव जितेपछि थप सबल बन्ने प्रयास गर्नु अस्वाभाविक होइन। विनियोजित बजेट खर्च नहुनु तर बेरूजु बढ्नु दुर्भाग्यपूर्ण हो। जनता पनि चनाखो हुनु आवश्यक छ।

## सन्दर्भ अन्तराष्ट्रिय मिर्गौला दिवस : मिर्गौला तस्करी : काभ्रेमा गोप्य चहलपहल

– राजकुमार पराजुली

काभ्रेपलाञ्चोक, २६ फागुन/रासस

यही फागुन दोस्रो साता बनेपाका एकजना होटल सञ्चालकले पाँचखालका युवकसँग आफन्तलाई चाहिएको भन्दै यस क्षेत्रबाट मिर्गौला पाइने बताउँदै मिलाइदिन आग्रह गरे।

युवकले उक्त विषय नकारेपछि होटल सञ्चालकले दिने व्यक्तिसँग सम्पर्क गराइदिन सके लाखौं रुपियाँ दिने आश्वासन पनि दिए। युवकले 'सोचौंला' भन्दै उनीबाट छुट्टिएको सुनाए।

मोटरसाइकलमा आउने गरेका केही पुरुषले मिर्गौलाकै विषयमा पटकपटक कुरा गर्ने गरेको पाँचखाल नगरपालिका–७ जोर पिपलस्थित लामीडाँडा–पलाञ्चोक सडकखण्ड छेउ निवासी एक महिलाले बताइन्। "अहिले यस्तो कुरा नगर्नुस्, मिर्गौलाको कुरा गर्नेबारे यहाँका नेतालाई भनेर सबै मिलेर लखेट्ने गरेका छौं भनेपछि भाग्छन्"–ती महिलाले भनिन्। उहाँका अनुसार जनप्रतिनिधिद्वारा त्यस्ता शङ्कास्पद व्यक्ति बस्तीमा आए तत्कालै खबर गर्न भनिएको छ।

पाँचखालको होक्से तथा मण्डनदेउपुरको ज्याम्दी आसपासका




बस्तीमा गोप्यरूपमा अझै पनि मिर्गौला बेचबिखनका विषयमा कुराकानी गर्न जाने गरेको स्थानीयवासी बताउँछन्। "मिर्गौलाको विषयमा कुरा गर्न कोही आए तुरुन्तै खबर गर्न स्थानीयवासीलाई भनेका छौं"–पाँचखाल–८ का वडाध्यक्ष पुष्कार ढकालले भने। उनले फोन आए नम्बर र व्यक्ति स्वयं आए गाडी नम्बरसमेत उपलब्ध गराउन अनुरोध गरिएको बताए।

मिर्गौला आवश्यक पर्ने परिवार तथा तस्करी गर्नेले काभ्रे नै सम्झने गरेको घटना विवरणले देखाएको पाइन्छ। जिल्लाको होक्से र ज्याम्दी दुई दशकदेखि 'बैंक अफ किडनी'को नामले देश–विदेशमा बदनामी कमाएको क्षेत्रमा पर्दछ। पछिल्लो वर्ष मिर्गौला बेच्नेहरू नै यसबारे चेतनामूलक अभियानमा लागेपछि तस्करीमा केही कमी आएको देखिन्थ्यो। तर यसै वर्ष मिर्गौला तस्करीका दुई घटना सार्वजनिक भएका छन्।

गत साउन अन्तिम साता बनेपा प्रहरीले बनेपा नपा–५ का २८ वर्षीय

(बाँकी पाँचौ पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## अमेरिकामा भवन निर्माण : किन सस्तो ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**गरीबीबाट मुक्ति पाउने धेरै उपायहरू हामीले अमेरिकाको अनुभवहरूबाट सिक्न सक्छौं । र सिक्नु हाम्रो लागि हितकर पनि हुन्छ । धनी र विकसित मुलुकहरूबाट हामीले सिक्नुपर्ने कुराहरू धेरै छन् । उत्पादन लागत कसरी कम पार्न सकिन्छ भन्ने हामीले धेरै कुरा सिक्न बाँकी छ ।**

आउनुहोस् यस आलेखमा अमेरिकामा भवन निर्माण उद्योगको प्रकृति कस्तो किसिमको छ त्यसबारे चर्चा गरौं । भवन निर्माण उद्योगको प्रकृति कस्तो किसिमको छ भनी अमेरिकामा आकाश छुने र ठूला–ठूला घरहरू छन् भनी दर्शाउनका लागि गर्न थालिएको होइन । अमेरिकामा कसरी सस्तो घर निर्माण गर्न सकिन्छ त्यसबारे चर्चा गर्न अमेरिकाको भवन निर्माण उद्योगको चर्चा गर्न थालिएको हो ।

अमेरिकामा मुख्यगरी आवासीय र व्यापारिक गरी दुई किसिमका भवन निर्माण गरिएको पाइन्छ। यस आलेखमा भने आवासीय भवन र तिनको निर्माण विधिबारे चर्चा गरिने छ ।

दक्षिण एशियामा भवनहरू प्रायः आर्थिक समृद्धि एवं गर्व प्रस्तुत गर्नका लागि निर्माण गरिएको हुन्छ । वासको आवश्यकता घर निर्माणको प्रमुख कारण भए तापनि घर निर्माणकर्ताले घरको सजावटलाई आफ्नो इज्जतसँग जोडेको हुन्छ । यो कारणले गर्दा भवन निर्माण गर्नेहरूले घरभित्र अनेक किसिमका भौतिक सुविधा जडान गर्नु, घरलाई स्वस्थकर बनाउनुभन्दा बाहिरबाट हेर्दा अत्यन्तै सुन्दर एवं अन्यभन्दा भिन्न होस् भन्ने कुरालाई बढी प्राथमिकता दिएका हुन्छन् । एउटा उदाहरण प्रस्तुत गरौं । काठमाडौंको स्थिति निकै सान्दर्भिक हुने भएकोले काठमाडौंलाई उदाहरणको रूपमा प्रस्तुत गर्दैछु । काठमाडौं ठण्ढा ठाउँ हो। यहाँ घर निमाण गर्दा निर्माण सामग्री यस्तो प्रयोग गर्नुपर्छ जसले घरलाई न्यानो परोस् । अर्थात् घर निर्माणमा काठको प्रयोग बाहिर एवं भित्र गरेमा घर जाडोको समयमा न्यानो हुन्छ। तर काठमाडौंमा घर निर्माण गर्दा सिमेन्ट र मार्बलको यति बढी प्रयोग हुन्छ कि जाडोको समयमा काठमाडौंका घरहरू चीसो हुन पुग्छन् ।

घर निर्माणको यस्तै स्थिति तराईतिर पनि देख्न सकिन्छ । तराइमा गर्मीको मौसम लामो कालसम्म रहने गर्दछ । गर्मी लामो समयसम्म रहने हुनाले यहाँ घरहरू शीतल हुन आवश्यक छ । तर स्थिति विपरीत छ। तराईतिर र मुख्य गरी वीरगंज, जनकपुर, विराटनगर जस्ता शहरहरूमा घर निर्माण गर्दा सिमेन्टको प्रयोग बढी मात्रामा हुन्छ जसले गर्दा घर गर्मी याममा झनै गरम हुन्छ। यदि घर निर्माण गर्दा तराईतिर काठको प्रयोग हुने हो भने काठले घरहरू शीतल पार्छ, साथै काठ पुनः नवीकरणीय स्रोत भएकोले पुनःपुनः प्रयोग गर्न सकिन्छ। तर सिमेन्ट पुनः नवीकरणीय स्रोत होइन। सिमेन्ट उत्पादन गर्दा नवीकरण गर्न नसकिने गरी नष्ट गर्नुपर्ने हुन्छ। अर्थात् सिमेन्ट उत्पादन गर्न प्रयोग हुने ढुङ्गा र बालुवा पुनःपुनः उत्पादन गर्न सकिँदैन। त्यति मात्र होइन, खोलाबाट बढी बालुवा र ढुङ्गाको दोहन गर्दा प्राकृतिक सन्तुलन बिग्रेर बाढी पैरौले बस्तीहरूलाई सताउने स्थिति उत्पन्न हुन्छ। यस कुराको पुष्टि चुरे पर्वत शृङ्खला अहिले कुन स्थितिमा छ, त्यसबाट हुन्छ ।

अमेरिकामा एउटा घर निर्माण गर्दा त्यो घरलाई बाहिरबाट अति सुन्दर देखाएर त्यसबाट भवन स्वामीले गौरवको अनुभूति गर्ने लक्ष्य राख्नुको सट्टा घरलाई भित्रबाट अनेक सुविधाले युक्त पार्ने प्रयास गरिएको हुन्छ। अमेरिकामा आवासीय घरहरू निर्माण गर्दा घरको बाहिरी रूपले खासै महत्त्व पाएको हुँदैन । कतिपय आवासीय भवनहरू सलाईका बट्टाजस्ता देखिन्छन् । यसैगरी घरलाई अति स्वस्थकर पार्न अमेरिकमा घर निर्माण गर्दा काठको प्रयोग ठूलो परिमाणमा गरिन्छ। एउटा आवासीय घर निर्माण गर्दा त्यसमा प्रयोग गरिएका निर्माण सामग्रीमध्ये लगभग ८० प्रतिशत काठ हुन्छ। अमेरिकाले ठूलो परिमाणमा काठ उत्पादन गर्छ। अमेरिकी भवन उद्योगले ठूलो परिमाणमा काठ प्रयोग गर्छ ।

अमेरिकामा भवन निर्माण तुलनात्मकरूपमा विश्वमैं सस्तो मानिन्छ। अमेरिकामा सुविधा र स्वस्थकर भवन निर्माण महँगो छैन। यो कारणले गर्दा पनि अमरिकामा गरीबहरूले पनि आफैंले घर निर्माण गर्न सकेका छन् वा सुविधायुक्त घरमा बस्न पाउने अवसर प्राप्त गरेका छन् । अमेरिकामा बेघरबारहरूको सङ्ख्या तुलनात्मकरूपमा कम छ। अर्थात् अमेरिकामा झोपडपट्टी छैन बराबर छ। भारतको धारावीलाई संसारको नै सर्वाधिक ठूलो जनसङ्ख्या बसोवास गर्ने झोपडपट्टीको रूपमा लिने गरिन्छ । भारतको महाराष्ट्र राज्यको मुम्बईस्थित धारावी झुपडपट्टी (स्थापना सन् १८८२) को क्षेत्रफल केवल २.१ स्क्वायर किलोमिटर रहेको छ तर त्यति सानो ठाउँमा करिब १० लाख मानिसको बसोवास छ । तर अमेरिकामा त्यस्तो स्थिति छैन ।

यहाँ प्रश्न उठ्छ, अमेरिकामा भवन निर्माण तुलनात्मक किसिमले कसरी सस्तो भएको होला ? आउनुहोस् यस प्रश्नको उत्तर खोजौं ।

अमेरिकामा भवन निर्माणमा स्तरीकरण वा प्रमाणीकरण (Standardization) को व्यापक प्रयोग हुन्छ। प्रमाणीकरणको अर्थ हो, हरेक वस्तुको आफ्नो निश्चित तोकिएको आकार, रङ्ग, डिजाइन हुनु। जस्तै जुत्ता उत्पादन गर्दा उत्पादकले जुत्ता लगाउने व्यक्तिको खुट्टाको आकार अनुसार जुत्तामा नम्बर राखेको हुन्छ। जस्तै ३ देखि १२ वा सो भन्दा बढी नम्बरका जुत्ताहरू हुनु ।

अमेरिकामा आवासीय घरहरूको छाना निर्माणमा प्रयोग हुने प्लास्टिकको वस्तुको आकार समान हुन्छ । जसले पनि घर निर्माण गर्दा त्यही आकारको प्लास्टिकको छाना प्रयोग गर्छ । सबैले समान किसिमको वस्तु घरको छाना निर्माणमा प्रयोग गर्ने भएकोले कहिले काहीं आवसीय स्थानहरूमा आफ्नो घर कुन हो छुट्याउन पनि कठिन हुन्छ । बाहिरबाट हेर्दा सबै घर एकै किसिमका देखिने हुन्छन्। प्रायः सबै घरहरूमा प्रयोग हुने झ्यालको आकार पनि एउटै किसिमको हुन्छ । पर्दाको साइज पनि लगभग एकै प्रकारको हुन्छ । भान्सामा प्रयोग हुने ग्याँस वा बिजुलीको चुल्होको आकार पनि एउटै हुन्छ। यसैगरी माइक्रो वेभ चुल्होहरूको आकार पनि एउटै हुन्छ। घर निर्माणमा प्रयोग हुने विभिन्न सामग्रीहरू एउटै नाप वा प्रमापमा उत्पादन गर्ने भनी उत्पादकहरू माझ एक किसिमको समझदारी बनेको हुन्छ। भवन निर्माणमा प्रयोग हुने अनेक सामग्री भए तापनि तिनीहरूलाई एउटा तोकिएको आकार, रंग, डिजाइनमा उत्पादन गर्ने एक किसिमको प्रचलनद्वारा सहमति भएको हुनाले सबै उत्पादकहरूले त्यसै अनुरूप भवन निर्माणका लागि आवश्यक सामग्री उत्पादन गर्छन् । र यसले गर्दा ती सामग्री उत्पादन गर्न उत्पादकहरूलाई उत्पादन लागत कम पर्न जान्छ। अर्थात् उत्पादन गर्दा समान आकार, रंग आदि प्रयोग गरिएकोले सामग्री उत्पादन लागत कम हुन पुग्छ। र यसरी भवन निर्माण कम्पनीहरूले सस्तोमा (उत्पादन लागत सस्तो भएकोले) निर्माण सामग्री खरीद गर्न पाएकोले सस्तोमा घर निर्माण गर्न सक्छन् र क्रेताहरूलाई पनि सस्तोमा उपलब्ध गराउन सक्छन् ।

अमेरिकामा आवासीय भवन निर्माणमा प्रमापीकरणको व्यापक मात्रामा प्रयोग हुन्छ र यो कारणले गर्दा नै तुलनात्मकरूपमा विश्वमा नै भवन निर्माण (सुविधायुक्त– गरममा शीतल र जाडोमा न्यानो) सस्तो हुन पुगेको हो। अमेरिकामा जस्तोसुकै आवासीय भवन (सानो वा ठूलो) मा पनि समान किसिमका यन्त्र एवं उपकरणहरू घरलाई तातो वा चीसो पार्नका लागि प्रयोग गरिएको हुन्छ। यसरी समान किसिम (आकार, प्रविधि, स्वरूप आदि) का उपकरण एवं यन्त्रहरूको प्रयोग गरिने भएकोले र ती सबै ठाउँ (कारखाना) हरूमा एकै किसिमले उत्पादन हुने भएकाले तिनको उत्पादन लागत कम हुन आउँछ ।

नेपाल वा दक्षिण एशियामा भने भवन निर्माणको स्थिति पृथक छ। दक्षिण एशियामा भवन निर्माण गर्दा आफ्नो इच्छा अनुसार फरक–फरक किसिमको निर्माण सामग्री र फरक–फरक प्रमाप प्रयोग गरिने हुँदा निर्माण लागत बेपत्ता महँगो हुन्छ । यसले गर्दा पनि दक्षिण एशियामा अनेक सुविधायुक्त घर बनाउनु गरीबका लागि सुनौलो सपना मात्र हुन्छ।

अमेरिकामा भवन निर्माण सस्तो हुनुको अर्को महत्त्वपूर्ण कारण भवन निर्माण कार्य पेशेवर व्यक्ति वा संस्था (Home builders) द्वारा हुनु हो। पेशेवर व्यक्तिमा भवन निमार्णसम्बन्धी वर्षौंको अनुभव हुन्छ र यो अनुभवले उनीहरूलाई सस्तोमा घर निर्माण गर्न सहयोग गर्छ। भवन निर्माण गर्ने पेशेवर व्यक्ति वा संस्थाहरूको प्रमुख कार्य नै कसरी सस्तोमा सुविधायुक्त घरहरू निर्माण गर्न सकिन्छ भन्ने अनेक उपाय पत्ता लगाउनु हो ।

नेपालमा घर निर्माण गर्न पेशेवर व्यक्तिहरूको सहयोग लिने परिपाटी नभएको र घरधनी स्वयं घर निर्माणमा सक्रिय हुनुपरेकोले पनि भवन निर्माण महँगो हुन पुगेको हो ।

अमेरिकामा घरधनी स्वयंले, घर निर्माण गर्दैन। उसले पेशेवार कम्पनीहरूले निर्माण गरिदिएको घर खरीद गर्छ । अर्थात् अमेरिकामा घर वस्तुसरह खरीद–बिक्री हुन्छ । पलङ्ग वा टेबल खरीद गरिएझैं घर खरीद गरिन्छ। आफ्नो आवश्यकता अनुसार रोजेर घर खरीद गर्ने कार्य उपभोक्ताहरूबाट हुन्छ।

गरीबीबाट मुक्ति पाउने धेरै उपायहरू हामीले अमेरिकाको अनुभवहरूबाट सिक्न सक्छौं । र सिक्नु हाम्रो लागि हितकर पनि हुन्छ। धनी र विकसित मुलुकहरूबाट हामीले सिक्नुपर्ने कुराहरू धेरै छन् । उत्पादन लागत कसरी कम पार्न सकिन्छ भन्ने हामीले धेरै कुरा सिक्न बाँकी छ।

## निक्षेपभन्दा बढी मधेसमा लगानी गरिएको सेन्चुरी कमर्शिलय बैंकको दाबी

प्रस, गरुडा, २६ फागुन/

सेन्चुरी कमर्शियल बैंकले मधेस प्रदेशमा निक्षेप सङ्कलनभन्दा बढी लगानी गरेको दाबी गरेको छ । ११औं वार्षिकोत्सवको अवसरमा रौतहटको गरुडामा आयोजित कार्यक्रममा बैंकका मधेस प्रदेश प्रमुख सुवास शर्माले सरकारको नीति अनुसार प्राथमिकताका क्षेत्रमा बैंकले पर्याप्त लगानी गरेको बताए ।

तस्वीरः प्रतीक



सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत वित्तीय साक्षरतासम्बन्धी जानकारीका साथै मावि गरुडालाई पानी छान्ने फिल्टर उपलब्ध गराएको बैंकले मधेस प्रदेशमा सात अर्ब लगानी गरेको उनले जानकारी गराए ।

मधेस प्रदेशमा बैंकले छ अर्ब निक्षेप सङ्कलन गरेको र सात अर्ब लगानी गरेको बताउँदै निक्षेप सङ्कलनभन्दा जनतामा लगानी धेरै गर्ने बैंक रहेको पनि उनले बताए ।

बैंकले चालू आर्थिक वर्षको पुस मसान्तसम्म ७२ करोड नाफा गर्न सफल भएको बताउँदै शर्माले अहिलेसम्म देखिएको नाफाको रेकर्ड नै तोडिएको बताए ।

मधेस प्रदेशमा बैंकका १३ वटा शाखा रहेको जानकारी गराउँदै शर्माले दुई हप्तामा कलैया, लालबन्दी र बर्दिबासमा गरी थप तीन वटा शाखाको विस्तार गर्दै १६ पुग्न लागेको जानकारी गराए ।

मधेस प्रदेशमा सेन्चुरी कमर्शियल बैंकका करीब दुई लाख सेवाग्राही रहेको शर्माले बताए ।

## नेप्सेमा उच्च अङ्कको वृद्धि

काठमाडौं, २६ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोबारमापक नेप्से परिसूचक बिहीवार धेरै दिनपछि उच्च अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ५२.३१ अङ्कले उकालो लागेर दुई हजार ५६६.९० मा पुगेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक ६.३४ अङ्कले उकालो लागेर ४९३.५३ मा पुगेको छ ।

कुल २२६ कम्पनीको ५६ लाख १० हजार ६३१ कित्ता शेयर रु दुई अर्ब ७९ करोड १८ लाख ७२ हजार ९७० मूल्यमा खरीद–बिक्री भए । कारोबार भएका कुल १३ उपसमूहकै शेयर उकालो लागेको छ ।

नेप्सेका अनुसार बैंकिङ १६.४९, व्यापार ६०.५३, होटल तथा पर्यटन ४२.४४, विकास बैंक २०२.९१, जलविद्युत् १२४.४२, वित्त १०२.७८, निर्जीवन बीमा २४८.१, उत्पादन १२७.२, अन्य ०.८६, लघुवित्त ९७.४, जीवन बीमा ३७२.७९, सामूहिक लगानी कोष ०.२२ र लगानी ३.४१ अङ्कले उकालो लागेको छ ।

शेयर कारोबार हुने साताको अन्तिम दिन बजार पूँजीकरण रु ३६ खर्ब ३७ अर्ब ५३ करोड ९९ लाख ६७ हजार ५२४ बराबर पुगेको छ । कारोबारका आधारमा अपिपावर शीर्ष स्थानमा छ। सो कम्पनीको रु १६ करोड ६५ लाख




२९ हजार ९६६ बराबरको कारोबार भयो। यस्तै, नेपाल दूरसञ्चार कम्पनी रु १३ करोड १२ लाख ५६ हजार २२३, एनआइसी एशिया बैंक रु १२ करोड ४६ लाख ११ हजार ५७५, अरुण भ्याली हाइड्रोपावर रु ११ करोड ८६ लाख ७४ हजार ९८८ र हिमालयन डिस्टिलरी रु नौ करोड एक लाख ९३ हजार ८९० बराबरको कारोबार भई शीर्ष पाँचमा परेका छन्।

नेप्सेका अनुसार इमर्जिङ नेपाल लिमिटेड ९.९८, कर्णाली डेभलपमेन्ट बैंक ८.८९, नेपाल हाइड्रो डेभलपर्स ८.६५, प्रोगेसिभ फाइनान्स ८.५३ र ज्योति विकास बैंकका लगानीकर्ताले ८.४७ प्रतिशतले कमाए। यस्तै, माउन्टेन इनर्जी ३.०८, नेपाल दूरसञ्चार कम्पनी २.०२, बोटलर्स नेपाल तराई १.८३, आइसिएफसी फाइनान्सको ऋणपत्र १.३६ र गुडविल फाइनान्सको ऋणपत्रका लगानीकर्ताले १.३६ प्रतिशतले गुमाएका छन् ।

## पूँजी जुटाएर ठूला परियोजना निर्माण गर्न अर्थमन्त्रीको निर्देशन

काठमाडौं, २६ फागुन/रासस

अर्थमन्त्री जनार्दन शर्माले लगानी बोर्डलाई आफैंले पूँजी निर्माण गरी ठूलो परियोजना अघि बढाउन निर्देशन दिएका छन् ।

बोर्ड अन्तर्गतको अनुगमन तथा सहजीकरण समितिको सातौं बैठकमा सहभागी हुँदै मन्त्री शर्माले लगानी बोर्ड पूँजी निर्माणमा अघि बढे मन्त्रालयले आवश्यक सहयोग गर्ने बताए। “बोर्डको कार्य प्रकृति कस्तो छ भने कोही आउँला र उसले भने अनुसारको काम गरिदिउँला भनेर पर्खेर बस्ने किसिमको छ । अब सधैं यसरी मात्रै चल्दैन,” उनले भने, “लगानी बोर्ड आफैंले पूँजी निर्माण गरी ठूला परियोजनामा लगानी गर्नेतर्फ ध्यान दिनुपर्छ। बरु यस्तो कोष बनाउने भए हामीले पनि के–कस्तो सहयोग गर्न सक्छौं, त्यसमा छलफल गरौंला।”

बोर्डका उपाध्यक्षसमेत रहेका अर्थमन्त्री शर्माले निजी क्षेत्रसँग छलफल गरी निर्यातमा आधारित परियोजनाका लागि पूँजी कोषको निर्माण गर्न बोर्डलाई सुझाव दिएका थिए। कुल ग्राहस्थ उत्पादन (जिडिपी) र पूँजी निर्माणमा महत्त्वपूर्ण योगदान गर्ने परियोजनाहरू परिकल्पना गरी लगानीका लागि अग्रसरता लिन उनले बोर्डलाई आग्रह गरे। “कसले आएर के भन्छ भनी प्रोजेक्ट पर्खेर बस्ने होइन, लगानी बोर्ड आफैंले प्रोजेक्ट जन्माउनुपर्‍यो,” उनले भने ।

समिति बैठकमा लगानी बोर्डले अरुण तेस्रो जलविद्युत् आयोजना र मातहतका परियोजना, लजिस्टिक परियोजना, खप्तड एकीकृत पर्यटन विकास कार्यक्रम, तमोर जलाशययुक्त जलविद्युत् परियोजना, माथिल्लो मर्स्याङ्दी जलविद्युत् परियोजना, प्लान्ट भेहिकल म्यानुफ्याक्चरिङ एन्ड एसेम्ब्लिङ प्लान्ट र हुवासिन सिमेन्ट परियोजनाको कार्य प्रगतिबारे प्रस्तुतीकरण दिएको थियो ।

सो प्रस्तुतीकरणपछि बोल्दै अर्थमन्त्री शर्माले ठूला विदेशी लगानीकर्तालाई बोर्डबाट एकल बिन्दु सेवा दिने निर्णय भएपनि कार्यान्वयन नभएको भन्दै असन्तुष्टि जनाए । “हामीले वैदेशिक लगानीलाई सहजीकरण गर्न बोर्डमार्फत एकल बिन्दु सेवा दिने भनेका थियौं । त्यो प्रक्रिया कहाँ छ भन्नेबारे सजग हुनुपर्छ,” उनले भने ।

उनले विदेशी लगाानीकर्ताहरू आफैं परियोजना छनोट गरेर वा नेपालको परियोजनामा लगानी साझेदार भई आउने गरेका कारण सबैलाई समान व्यवहार गरी सहजीकरण गर्नुपर्ने बताए । उनले परम्परागत विकासको संस्कृतिलाई बदलेर अगाडि बढ्नुपर्ने धारणा राखे। लगानी बोर्डमा आउने परियोजनालाई अध्ययनका लागि भन्दै लामो समयसम्म फाइल अड्काउने प्रवृत्ति ठीक नभएको उनको भनाइ छ।

“यहाँ आउने परियोजनाबारे अध्ययनका लागि लामो समय लगाइन्छ,

(बाँकी चौथो पातामा)

## घट्यो सुनको मूल्य

काठमाडौं, २६ फागुन/रासस

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु तीन हजार ५०० ले घटेर रु एक लाख दुई हजार भएको छ ।

बुधवार सुनको मूल्य नेपाली बजारमा हालसम्मकै उच्च हुँदै प्रतितोला रु एक लाख पाँच हजार ५०० मा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख एक हजार ५०० तोकिएको छ । यसको मूल्य बुधवार प्रतितोला रु एक लाख पाँच हजार थियो । त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु ४५ ले घटेर रु एक हजार ४०५ पुगेको महासङ्घले जनाएको छ ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा सुन तथा चाँदीको मूल्यमा हुने उतारचढावका आधारमा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ । अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ९७८ डलर आसपास कारोबार भइरहेको छ ।

# रूस–युक्रेन युद्धको असर : मूल्यवृद्धि आकाशिंदै

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**कोरोना भाइरस सङ्क्रमणका कारण अन्तर्राष्ट्रिय बजारमा यस अघि नै आपूर्ति व्यवस्थामा अवरोध देखिएको थियो। रूस–युक्रेन सङ्कटले अत्यावश्यक वस्तुसहितका सामग्रीमा भार पर्ने अवस्था आएको छ। पेट्रोलियम पदार्थको मूल्य बढिरहँदा दुई अङ्कमा मुद्रास्फीती बढे पनि आश्चर्य मान्न सकिंदैन।**

नेपालमा पेट्रोलियम पदार्थको मूल्य इतिहासकै उच्च भएको छ। रूस र युक्रेनबीच तनावका कारण इन्धनको मूल्य उच्च भएको हो। रूसले युक्रेनमाथि सैनिक कारबाही शुरू गरेसँगै तेलको मूल्य विगत सात वर्षको तुलनामा पहिलोपटक प्रतिब्यारेल १३२ डलरभन्दा माथि पुगेको छ। एक ब्यारलमा झन्डै १५९ लिटर हुन्छ। कच्चा. तेलको मूल्य अन्तर्राष्ट्रिय बजारमा बढेकोले नेपाल आयल निगमले पनि मूल्य समायोजन गरेको र यसले महँगीमा व्यापक प्रभाव पार्न सक्ने चिन्ता अर्थ विज्ञहरूले गरेका छन्।

अर्थतन्त्रमा परिरहेको आर्थिक चाप, शोधनान्तर घाटा, तरलता अभावलगायतले मुलुकको आर्थिक अवस्था सङ्कटग्रस्त भइरहेको अवस्थामा युक्रेन–रूस युद्धले झन् समस्या थपिएको छ। युक्रेन–रूस युद्ध शुरू भएपछि नेपालमा दुईपटक पेट्रोलियम पदार्थको मूल्य बढिसकेको छ। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको कच्चा तेलको मूल्यले अहिलेसम्मको उच्च बिन्दु छोएको छ। युद्ध लम्बिंदै जाँदा पेट्रोलियम पदार्थको मूल्य अझै बढ्न सक्ने अनुमान गरिएको छ। नेपाल आयल निगमले फागुन १९ गते राति १२ बजेदेखि लागू हुनेगरी पेट्रोल, डिजेल र मट्टीतेलमा ५/५ रुपियाँ बढाएको छ। जस अनुसार पेट्रोल प्रतिलिटर १ सय ५०, डिजेल र मट्टीतेल १ सय ३३ रुपियाँ पुगेको छ। गत वर्ष चैत १९ गते नेपाल आयल निगमले पेट्रोलको मूल्य ९६ रुपियाँ प्रतिलिटर तोकेको थियो। त्यस बेला डिजल र मट्टीतेल दुवैको प्रतिलिटर मूल्य ८५ रुपियाँ थियो। इन्डियन आयल कर्पोरेशन (आइओसी) ले मार्च १ मा पठाएको नयाँ सूची अनुसार मूल्य समायोजन गरिएको निगमले जनाएको छ। सर्वसाधारणले धान्नै नसक्ने गरी मूल्य बढे पनि सरकारले इन्धनमा लगाएको अनावश्यक कर घटाएर राहत दिन भने कुनै चासो देखाएको छैन। आइओसीबाट ९३ रुपियाँ ७६ पैसामा खरीद गरेको पेट्रोलमा ५९.४८ रुपियाँ र ९४ रुपियाँ १२ पैसामा खरीद भएको डिजेलमा ४२.१६ रुपियाँ कर लाग्छ। त्यस्तै ८८.८३ मा किनेको मट्टीतेलमा १३.३६ रुपियाँ र १६४१.२३ रुपियाँमा खरीद गरेको ग्याँसमा २८०.३० रुपियाँ कर लाग्ने गरेको छ। त्यसबाहेक निगमको खर्च, ढुवानी भाडा, पेट्रोलियम बिक्रेता खर्च/मुनाफासहित जोडेर बिक्री मूल्य तय हुन्छ।

निगमले इन्धनमा अझै घाटा रहेको जनाएको छ। पेट्रोलमा १६ रुपियाँ २८ पैसा र डिजेलमा ११ रुपियाँ ७८ पैसा घाटा हुने निगमको दाबी छ। मट्टीतेलमा भने निगमलाई प्रतिलिटर १९ रुपियाँ ५१ पैसा नाफा छ। पूर्वाधारका नाममा प्रतिलिटर १५ रुपियाँ कर थपिए पनि त्यस्तो बचत सरकारी कोषमा छैन। शुरुमा बूढीगण्डकी जलविद्युत् परियोजनाका नाममा रकम उठाउन थालिए पनि यो परियोजना शुरू भएको छैन। रकम विभिन्न पूर्वाधारमा खर्च भएको अर्थ मन्त्रालयका अधिकारीहरूको दाबी छ। युक्रेन–रूस युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा पदार्थको मूल्य अस्वाभाविकरूपमा बढिरहेको छ, मूल्य समायोजन नहुँदा निगमको १५ दिनको नोक्सानी ३ अर्ब ९ करोड पुगेको थियो। समायोजनपश्चात् निगमको नोक्सानी ५९ करोड घटेको छ। अब १५ दिनको नोक्सानी २ अर्ब ५० करोड हुने अनुमान गरिएको छ। स्वचालित मूल्य प्रणाली कार्यान्वयन कार्यविधि २०७१ अनुसार निगम व्यवस्थापनले सानो अङ्क (करीब ३ रुपियाँसम्म) मात्रै समायोजन गर्न सक्छ। उक्त अङ्कले घाटा खासै कम नभएपछि निगम सञ्चालक समितिले प्रतिलिटर ५ रुपियाँ बढाउने निर्णय गरेको देखिन्छ। निगमले नयाँ मूल्य निर्धारण गरेपछि पनि चालू आर्थिक वर्षको फागुन मसान्तसम्म करीब २८ अर्ब रुपियाँ नोक्सानी हुने स्थिति देखिएको छ। यही अवस्था रहे ऋण लिएर आपूर्ति व्यवस्थापन गर्नुपर्ने दाबी निगमको छ।

निगमले लागू गरेको पछिल्लो मूल्यले नेपालमा अहिलेसम्मको उच्च बिन्दु छोएको छ। यस अघि गत माघ १९ मा मूल्य समायोजन गर्दा पेट्रोल प्रतिलिटर १ सय ४२ रुपियाँ पुगेको थियो। उक्त मूल्य पनि इतिहासकै उच्च थियो। २०७० फागुन ३० मा पेट्रोल प्रतिलिटर १ सय ४० रुपियाँ पुगेको थियो भने २०७३ साउनमा घटेर प्रतिलिटर ९७ रुपियाँ भएको थियो। यसरी उतारचढाव हुँदै २०७६ चैतमा फेरि ९७ रुपियाँ कायम भएको थियो। त्यसयता मूल्य निरन्तर बढिरहेको छ। पेट्रोलसँगै डिजेल र मट्टीतेलको मूल्य पनि इतिहासकै उच्च हो। आइओसीले मार्च १ मा मूल्यसूची पठाउँदा अन्तर्राष्ट्रिय बजारमा इन्धनको कच्चा पदार्थको मूल्य प्रतिब्यारेल ९५ देखि ९८ डलर थियो। अहिले रूस–युत्रेनबीच द्वन्द्वले कच्चा पदार्थको मूल्य १३१ देखि १३५ डलरसम्म पुगिसकेको छ। अब आउने सूची झन् भयावह हुने देखिन्छ। भारत हुँदै नेपाल आउने इन्धन खाडी मुलुकको हो। कच्चा पदार्थको मूल्यसँगै डलर पनि मजबूत हुँदा निगमको नोक्सानी तीव्ररूपमा बढेको देखिन्छ। मूल्य प्रतिब्यारेल १ डलर बढ्दा निगमलाई मासिक ३० करोड घाटा हुने बताइएको छ। अहिले इन्धनको कच्चा पदार्थ र डलर सोच्नै नसक्नेगरी बढेको छ। यसले समग्र अर्थतन्त्रमा प्रतिकूल प्रभाव पार्ने देखिन्छ। अर्थतन्त्रको बिग्रँदो अवस्थाको न्यूनीकरणका लागि तत्काल राहत दिन अनावश्यक कर घटाउनुको विकल्प नभएको जानकारहरू बताउँछन्। हुनत निगमलाई नोक्सानीबाट बचाउन कर्मचारीलाई दिइँदै आएको पोशाक संरक्षण खर्च कटौती र मूल्य संरचनामार्फत प्रतिशतमा दिइँदै आएको बिक्रेता कमिशन २०७८ फागुन ७ मा कायम भए अनुरूप यथावत् राखेको छ। तर पनि नोक्सानी अत्यधिक छ। तत्काल राहतका लागि सरकारले प्रतिलिटर ५/१० रुपियाँ कर छुट दिनुपर्ने देखिन्छ।

### मूल्य समायोजनपछिको अवस्था

युक्रेनमा रूसको आक्रमण जारी रहेका बेला विश्वभरि बिथोलिएको आपूर्ति चक्रको असर नेपाली बजारमा पनि देखिन थालेको छ। रूस र युक्रेनबीचको युद्धले एशियाली शेयर बजारमा समेत प्रभाव पारेको छ। एशियाली शेयर बजार २ देखि ३ प्रतिशतसम्म घटेको छ। लगानीकर्ताहरू असुरक्षित महसूस गर्न थालेका छन्। सुनको भाउसमेत एक वर्ष यताकै उच्च विन्दुमा पुगेको छ। अहिले नेपाली बजारमा सुनको भाउ प्रतितोला एक लाख रुपियाँभन्दा माथि पुगेको छ। अमेरिकी डलर र जापानी येन बलियो बन्दै गएको अवस्था छ। रूस र युक्रेनबीच युद्धले आपूर्ति व्यवस्था झन् प्रभावित हुन्छ। युद्ध निरन्तर चल्यो र यसले पेट्रोलियम पदार्थमा चाप पर्दै गयो भने त्यसले मुद्रास्फीतिमा पक्कै पनि दबाब पर्छ। नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षका लागि मुद्रास्फीति अर्थात् महँगी ६.५ प्रतिशतभित्र सीमित हुने प्रक्षेपण गरेको थियो। तर अबको केही सातामा युद्ध अन्त्य नभए महँगी दरले 'दोहोरो अङ्क छुन सक्ने' जोखिम रहेको छ। यसरी अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ उकालो लागिरहँदा त्यसको प्रभाव महँगो ढुवानीदेखि भान्सासम्म पर्ने निश्चित छ।

### मूल्यवृद्धि दुई अङ्कमा हुन सक्ने

कोरोना भाइरस सङ्क्रमण महामारीका कारण अन्तर्राष्ट्रिय बजारमा यस अघि नै पनि आपूर्ति व्यवस्थामा अवरोध देखिएको थियो। रूस–युक्रेन सङ्कटले अत्यावश्यक वस्तुसहितका सामग्रीको मूल्यमा थप भार पर्ने अवस्था आएको छ। पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढिरहँदा दुई अङ्कमा मुद्रास्फीति बढे पनि आश्चर्य मान्न सकिंदैन। पछिल्लो समय धेरै देशमा व्यापक मूल्यवृद्धि भइरहेको छ। अमेरिकामैं ७.५ प्रतिशत र बेलायतमा ६ प्रतिशत मूल्यवृद्धि भइसकेको तथ्याङ्क छ। ती देशमा २–३ प्रतिशत मूल्यवृद्धि पनि धेरै भनेर मान्छेहरू अतालिन्छन्। पेट्रोलियम पदार्थमा मूल्यवृद्धि हुँदा यातायात र ढुवानी सेवासहित अन्य विभिन्न क्षेत्र प्रभावित हुने देखिन्छ।

### प्रभाव कम गर्ने उपाय

विश्वबजारमा रूस ठूलो परिमाणमा तेल र ग्याँस कारोबार गर्ने राष्ट्रमध्ये एक हो। अन्तर्राष्ट्रिय बजारमा रूसले एक दिनमा ५५ लाख ब्यारल तेल आपूर्ति गर्ने गरेको तथ्याङ्क छ। यो विश्व आपूर्तिको १२ प्रतिशतभन्दा बढी रहेको बताइएको छ। अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्य हेर्दा नेपालका लागि अबका दिनमा लगभग १०० अर्ब रुपियाँको अतिरिक्त भार पेट्रोलियम पदार्थ आयातमा हुन सक्ने आकलन अर्थशास्त्रीहरूको छ। अन्तर्राष्ट्रिय बजारमा देखिएको यसको नकारात्मक प्रभाव कम गर्नका लागि नेपालले पेट्रोलियम पदार्थको उपभोगमा कटौती गर्न सक्नुपर्दछ। यसका लागि विद्युत् प्रयोगमा जोड दिन सकिने उनीहरूको भनाइ छ।

### भण्डारण क्षमताको अवस्था

नेपालको पेट्रोलियम पदार्थ भण्डारण गर्ने क्षमता कम हुँदा बजारमा मूल्य समायोजन गर्ने विषयमा निगम प्रभावकारी हुन नसकेको बताइएको छ। भारतमा मूल्य सस्तो हुँदा धेरै खरीद गरेर भण्डारण गर्ने र मूल्य बढी हुँदा आयात घटाउने र आफूसँग रहेको मौज्दात बजारमा पठाउँदा निगमको घाटा कम गर्न सकिन्छ। निगमसँग हाल ७० हजार किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण गर्ने क्षमता छ। सरकारले तीन महीनासम्म पर्याप्त हुनेगरी भण्डारण क्षमता पुऱ्याउनुपर्ने गृहकार्य गर्न निर्देशन दिएको अवस्थामा निगमले पोखरामा ५,००० किलोलिटरका दुईवटा भण्डारण ट्यांकी निर्माण गरिरहेको निगमले जनाएको छ। त्यस्तै अमलेखगंजदेखि लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार गर्ने र १,०३,००० किलोलिटर भण्डारण क्षमता बढाउने निगमको लक्ष्य छ। अमलेखगंजमा पनि ४/४ हजार किलोलिटरका दुईवटा ट्यांकी बनाउने विषयमा आवश्यक प्रक्रिया शुरू भइसकेको छ।

त्यसैले अर्थतन्त्रमा देखिएको बिग्रँदो अवस्थाको न्यूनीकरणका लागि सरकारले तत्काल नीतिगत र प्रक्रियागत सुधारका उपायहरू अगाडि सार्नुपर्दछ। अनि मात्र देशको अर्थतन्त्रलाई सङ्कटबाट जोगाउन सकिन्छ।

# पर्यटन प्रोडक्ट प्याकेजिङ र डिजिटल तालीम

काठमाडौं, २६ फागुन/रासस

नेपाल पर्यटन बोर्डले पर्यटन प्रवर्द्धनका लागि सातै प्रदेशमा 'पर्यटन प्रोडक्ट प्याकेजिङ' र 'डिजिटल तालीम' दिन शुरू गरेको छ।

पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ प्रदेश नं १ को इलाम जिल्लामा आजदेखि तालीम शुरू भएको बोर्डले जनाएको छ। इलाम नगरपालिकासँग सहकार्य भएको तालीममा प्रदेशका आठ जिल्लाका २५ व्यवसायीको सहभागिता छ।

तालीम, डिजिटल माध्यमबाट व्यवसाय प्रवर्द्धन, प्रदेशस्थित विभिन्न पर्यटन गन्तव्य, आकर्षणको सही ढङ्गले प्याकेजिङ गर्न सिकाउनेगरी तयार गरिएको छ। सैद्धान्तिकसहित व्यावहारिक ज्ञान उपलब्ध गराउने हेतुले बोर्डले स्थानीय निकाय, विज्ञ, पर्यटन व्यवसायीसँग निरन्तर सहकार्य गरिरहेको छ।

तालीम यही फागुन २७ मा समापन हुनेछ। तालीमको दौरान कम्तीमा प्रदेशका ५० स्थानलाई म्यापमा समावेश गर्ने, फोटोसहित विवरणलाई अद्यावधिकसमेत गरिने जनाइएको छ। आन्तरिक तथा बाह्य पर्यटकको आवागमन शुरू हुँदै गएको हालको अवस्थामा यस्ता तालीमले दक्ष जनशक्ति तयार गर्न, लुकेका सम्भावना बोकेका क्षेत्रको डिजिटल पहुँच बढाउन, स्थानीय बासिन्दालाई डिजिटल माध्यमबाट जोडिन सघाउने विश्वास बोर्डले लिएको छ।

**पूंजी............**

यो ठीक होइन," उनले भने, "विभिन्न विज्ञको रोस्टर तयार गर्ने र परियोजना अनुसार विज्ञमार्फत छिटोछरितो ढङ्गले अध्ययन गराइहाल्नुपर्छ। अध्ययनका लागि किन लामो समय लगाउने ? किन धेरै छलफल गर्ने ?" उनले कतिपय परियोजनामा बारम्बार अध्ययन मात्रै हुने गरेको भन्दै त्यस्तो प्रवृत्ति रोक्न निर्देशन दिए। "एउटै परियोजनामा किन दुई/तीन पटक अध्ययन हुन्छ। कि त पहिलेको ठीक थिएन भन्नुपऱ्यो। तर पहिलेको ठीक वा बेठीक पनि नभन्ने अनि थप अध्ययन मात्रै गराउँदै जाने प्रवृत्तिलाई रोक्नुपर्छ," उनले भने।

बैठकमा बोर्डको प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले उत्पादनमा आधारित ठूला परियोजना लागि उद्योग लगाउने ठाउँको बारेमा नीतिगत निर्णय गरी विशेष व्यवस्था गर्नुपर्ने बताए।

बोर्डमा अटोमोबाइल उद्योग स्थापनाका लागि दक्षिण कोरियाली कम्पनी मोट्रेक्सले प्रस्ताव गरे पनि उद्योग स्थापनाका लागि स्थान छनोट गर्न नसकेको बताउँदै उनले भने, "विशेष आर्थिक क्षेत्र (सेज)मा जानलाई निर्यातमा आधारित हुनुपर्ने मापदण्डले असर गरेको छ।

त्यसैले बोर्डमार्फत आउने परियोजनालाई उद्योग स्थापनाका लागि सहजीकरण गर्न विशेष नीतिगत व्यवस्थाहरू गर्नुपर्ने देखिएको छ।"

मोट्रेक्सलाई उद्योग स्थापनाका लागि बुटवल औद्योगिक क्षेत्रभित्र रहेको बुटवल धागो कारखानाको जग्गा दिन उपयुक्त देखिएको अध्ययनमा भेटिएको थियो तर सो उद्योगमा रहेका पुराना मेशिनरी प्रतिस्थापनलगायतका विषय झन्झटिलो भएका कारण स्थान दिन नसक्ने सरकारले जवाफ दिएको बोर्डले जनाएको छ। अहिले मोतीपुर औद्योगिक क्षेत्रमा उद्योग राख्ने विषयमा छलफल भइरहेको बोर्डले जनाएको छ।

प्रमुख कार्यकारी अधिकृत भट्टले लगानीका लागि बोर्डले सहजीकरण र समन्वय गर्ने प्रमुख दायित्व पाएकाले सोही अनुसार कामहरू निरन्तर गर्दै आएको जानकारी दिएका थिए।

# पाल्पाली ढाकाको अन्तराष्ट्रिय 'ब्रान्डिङ' गरिंदै

पाल्पा, २६ फागुन/रासस

पाल्पामा हस्तकलाका माध्यमबाट उत्पादित पाल्पाली ढाकाको प्रवर्द्धन अभियान थालिएको छ। यहाँका ढाकालाई 'ब्रान्ड' बनाएर यसमा आधारित उद्यमीलाई टेवा दिने लक्ष्यसहित सो अभियान शुरू भएको हो।



लुम्बिनी प्रदेश सरकार, तानसेन नगरपालिका, युकेएडको सीप नामक परियोजना र पाल्पाली ढाका सङ्घको साझेदारीमा 'नेपाली ढाका समृद्धिका लागि साझेदारी' कार्यक्रममार्फत 'ब्रान्डिङ' गरिंदैछ। ब्रान्डिङ नै गरेर प्रमाणित गरी पाल्पाली ढाका कपडा चिनाउने अभियानमा जुटेको तानसेन नगरप्रमुख अशोककुमार शाहीले जानकारी दिए। नेपाल र नेपालीको ब्रान्डका रूपमा विदेशमा समेत यसले पहिचान बनाएको उनले बताए।

जिल्लामा हस्तकलाका माध्यमबाट उत्पादित ढाका कपडा देशभर उपलब्ध गराइने छ। ढाका उद्योगी सागर महर्जनले भने–"अब देशका ठूला शहरमा पाल्पाली ढाका कपडा सहजरूपमा उपलब्ध हुनेछ। यसका लागि पाल्पाली ढाका सङ्घले परियोजनाका माध्यमबाट उत्पादन वृद्धि गर्नेछ।"

सङ्घले निश्चित गुणस्तरसहित ब्रान्ड लिएर पाल्पाली ढाकाको कपडा बजारमा लैजाने तयारी गरेको छ। यसमाथि हातबाट बनेको कपडाको गुणस्तर पनि उत्कृष्ट मानिंदै आएको छ। यस्तो कपडाको अझ बढी प्रचारप्रसार हुन सके उद्यमी र व्यापारीलाई मात्र होइन, नेपालकै अर्थतन्त्रमा समेत सहयोग पुग्न सक्छ। आकर्षक ढाका कपडा उत्पादन गर्ने उद्योगमा दक्ष कामदारको अभाव थियो। कामदार अभावमा ढाका कपडा उत्पादन न्यून मात्रा रहेकोमा सीप परियोजनाको सहयोगमा अहिले बन्द उद्योग सञ्चालनमा छन्।

पाल्पाली ढाका कपडा पाल्पाको मौलिक पहिचान हो। पाल्पा ढाका उद्योगी सङ्गठित भएपछि ढाका कपडा उत्पादन, विविधीकरण, तयारी पोशाक, बजारीकरणमा परियोजनाले सहयोग गरेपछि ढाका कपडाको उत्पादनमा वृद्धि भएको ढाका उद्यमी मनोज पौड्यालले जानकारी दिए। उनले भने–"बन्द अवस्थामा रहेका उद्योगमा अहिले धमाधम ढाका कपडा उत्पादन हुन थालेसँगै रोजगारको अवसर सिर्जना भएको छ। ढाका कपडालाई ब्रान्डिङ गर्ने तयारी गरिएको छ। काठमाडौंमा ब्रान्डिङका लागि लोगो प्रदर्शन गरिएको छ।"

हस्तकलाको माध्यमबाट पछ्यौरा, टोपी, टाई, कुर्ता, कोट तथा पर्दाका लागि ढाका कपडा उत्पादन हुन्छ। फुर्सदका समयमा यहाँका महिला उद्योगमा ढाका कपडा बुन्छन्। तानसेनकी लक्ष्मी थापाले ढाका कपडा बुनेर मासिक रु आठ हजारभन्दा बढी आम्दानी भएको बताइन्। ढाका उद्योगमा ढाका कपडा, तयारी पोशाक उत्पादनबाट पाल्पामा महिलाले रोजगार पाएका छन्। यसले घर खर्च, परिवारको लालनपालनका केही खर्चको व्यवस्थापन गर्न सहज भएको छ। महिलाहरू सामान्य खर्चका लागि अरूको भर पर्ने दिनहरू ढाका कपडा बुन्न थालेपछि हटेको छ।

रम्भा गाउँपालिकाकी उषा सिञ्जाली हस्तकला प्रयोग गरी ढाका कपडामा बुट्टा बनाउन खप्पिस भएकी छन्। ढाका कपडा उत्पादनका क्रममा हात तथा खुट्टाको एकसाथ प्रयोग गर्नुपर्छ। तानमा पहिले धागो हाल्ने र डिजाइन गर्ने हो। हस्तकला प्रयोगगरी विभिन्न प्रकारका बुट्टाहरू भर्ने चलन छ। मसिनो काम भएकोले एक मिटर ढाका कपडा उत्पादन गर्न झन्डै तीन–चार दिन लाग्छ। यसरी ढाका कपडा बुनेर आम्दानी गर्न पाउँदा यहाँका महिला उत्साहित छन्।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनमा जैविक हतियार गतिविधिको रूसको दाबी, अमेरिकाद्वारा अस्वीकार

वाशिंगटन, २६ फागुन/एएनआई

युक्रेनमा अमेरिकी अनुदानमा रासायनिक र जैविक हतियारहरू रहेको भन्ने रूसको आरोप अमेरिकाले अस्वीकार गरेको छ। सो आरोप अस्वीकार गर्दै अमेरिकी विदेश मन्त्रालयले बुधवार क्रेमलिनले पूर्वी युरोपेली क्षेत्रमा यस्ता गैरकानूनी गतिविधिबारे झूट फैलाएको बताएको छ।



तस्वीर: एपी

रूसी रक्षा मन्त्रालयका प्रवक्ता इगोर कोनाशेन्कोभले बुधवार युक्रेनी प्रयोगशालाका कर्मचारीहरूले प्लेग, एन्थ्राक्स, हैजा र अन्य घातक रोगहरूका खतरनाक रोगजनक जीवाणुहरू फैलाएको बताएका थिए।

"क्रेमलिनले जानाजानी संयुक्त राज्य अमेरिका र युक्रेनले युक्रेनमा रासायनिक र जैविक हतियारका गतिविधिहरू सञ्चालन गरिरहेको छ भन्ने स्पष्ट झूट फैलाइरहेको छ। त्यसैगरी चीनका अधिकारीहरूले पनि यी षड्यन्त्र सिद्धान्तहरू प्रतिध्वनित गरेको" अमेरिकी विदेश मन्त्रालयले बताएको छ।

अमेरिकाको विदेश मन्त्रालयले "यो रूसी विकृति पूर्णतया बकवास हो र रूसले अर्को देशविरुद्ध यस्तो झूटा दाबी आविष्कार गरेको पहिलोपटक होइन र यस्ता दाबीहरू धेरैपटक खारेज गरिएका छन्"– भनेको छ।

**ब्लिन्केन र कुलेबाबीच युक्रेनलाई थप सुरक्षा, मानवीय सहायता प्रदान गर्ने प्रयासबारे छलफल**

वाशिंगटन/एएनआई

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाबीच टेलिफोन वार्ता भएको छ। उनीहरूबीच युक्रेनलाई थप सुरक्षा र मानवीय सहायता उपलब्ध गराउने समन्वयात्मक प्रयासबारे छलफल भएको अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले बताएका छन्।

वार्तापछि आधिकारिक विज्ञप्ति जारी गर्दै विदेशमन्त्री एन्टोनी जे ब्लिन्केनले आज युक्रेनी विदेशमन्त्री दिमिट्रो कुलेबासँग फोनमा कुरा गरेको र उनीहरूबीच युक्रेनलाई थप सुरक्षा सहयोग र मानवीय सहयोग उपलब्ध गराउने समन्वयात्मक प्रयासबारे छलफल भएको जनाइएको छ।

ब्लिन्केन र कुलेबाले रूसको सैन्य कारबाई रोक्न जारी कूटनीतिक प्रयासबारे पनि छलफल गरेको प्राइसले उल्लेख गरेका छन्।

**अमेरिकी तल्लो सदनलद्वारा युक्रेनका लागि खर्च विधेयक पारित**

वाशिंगटन/एएनआई/स्पुतनिक

अमेरिकी प्रतिनिधिसभाले बुधवार साँझ सङ्घीय सरकारलाई सेप्टेम्बर ३० सम्म कोष र युक्रेनलाई रूसी सैन्य कारबाईका क्रममा १३.६ बिलियन डलर सहयोग उपलब्ध गराउन सर्वसुलभ खर्चसम्बन्धी विधेयक पारित गरेको छ।

विधेयकले सेप्टेम्बर ३०, २०२२ सम्म अमेरिकी सरकारलाई कोष सञ्चालन अनुमति दिनेछ। हालको कोष शुक्रवार मध्यरातमा समाप्त हुँदैछ। विधेयकले ७३० बिलियन गैररक्षा कोष र ७८२ बिलियन रक्षाको लागि र युक्रेनको लागि मानवीय, आर्थिक र रक्षा सहयोगको लागि १३.६ बिलियन विनियोजन गर्नेछ।

**युक्रेनबाट चिनियाँ नागरिक बोकेका दुई जहाज सकुशल चीन पुगे**

बेइजिङ/सिन्ह्वा

युक्रेनबाट निकालिएका चिनियाँ नागरिक बोकेका दुईवटा अस्थायी उडान बिहीवार सकुशल चीन आइपुगेका छन्।

बिहान ८:०२ मा पहिलो उडान पूर्वी चीनको झेजियाङ प्रान्तको हाङझाउ र दोस्रो उडान ११:१२ बजे पूर्वी चीनको शानडोङ प्रान्तको जिनान आइपुगेको जनाइएको छ।

यस अघि युक्रेनबाट चिनियाँ नागरिकहरूलाई फिर्ता लैजाने सात अस्थायी उडानहरू पहिले चीन पुगिसकेका छन्।

**मारिउपोल बाल अस्पतालमा आक्रमण बालिकासहित तीनजनाको मृत्यु**

कीभ/एएफपी

दक्षिणी युक्रेनको मारिउपोलमा रहेको बाल अस्पतालमा बुधवार भएको आक्रमणमा एक बालिकासहित कम्तीमा तीनजनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बिहीवार बताएका छन्।

युक्रेनको घेराबन्दीमा रहेको मारिउपोलमा रहेको बाल तथा प्रसूति अस्पतालमा हिजो भएको आक्रमणमा एकजना बालिकासहित तीनजनाको मृत्यु भएको नगरपरिषद्ले उल्लेख गरेको छ। रासस

## उ. कोरियाले अन्तरिक्षमा जासुसी उपग्रह प्रक्षेपण गर्ने

प्योङयाङ, २६ फागुन/एएनआई/सिन्ह्वा

प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरियाका शीर्ष नेता किम जोङ उनले आफ्नो देशले अन्तरिक्षमा धेरै सैन्य जासूसी उपग्रह प्रक्षेपण गर्ने बताएको, आधिकारिक कोरियाली केन्द्रीय समाचार एजेन्सीले बिहीवार उल्लेख गरेको छ।

नेशनल एरोस्पेस डेभलपमेन्ट एडमिनिस्ट्रेशन (नाडा)को हालैको निरीक्षणको क्रममा किमले उक्त टिप्पणी गरेका हुन्। फेब्रुअरी २७ र मार्च ५ गते दुईवटा भूउपग्रह परीक्षण गर्ने नाडाले सार्वजनिक गरेको प्रमुख परीक्षणको नतीजाप्रति शीर्ष नेताले सन्तुष्टि व्यक्त गरेका छन्। भूउपग्रहको विकासलाई सार्वभौमसत्ता र राष्ट्रिय हितको रक्षाका लागि महत्त्वपूर्ण काम भएको उनले बताएका छन्। किमका अनुसार सैन्य उपग्रहहरू विकास र सञ्चालन गर्नुको उद्देश्य देशको सशस्त्र बलहरूलाई यसको विरुद्ध सैन्य कारबाईहरूको वास्तविक–समय जानकारी प्रदान गर्नु हो।

पार्टी केन्द्रीय समितिले पञ्चवर्षीय योजना (२०२१–२०२५)को अवधिमा धेरै सैन्य उपग्रहलाई सूर्य–सिंक्रोनस ध्रुवीय कक्षमा विविधरूपमा राख्ने राष्ट्रिय एरोस्पेस विकास प्रशासनको निर्णय समावेश छ। रासस

## गोली हानी १० जनाको हत्या

मेक्सिको २६ फागुन/सिन्ह्वा

मेक्सिकोमा गोली हानेर १० जनाको हत्या गरिएको समाचार छ। मेक्सिकोको एट्लिक्समा रहेको बस्तीको एक घरमा बुधवार गोली हानेर एकै घरका १० जनाको ज्यान लिएको प्रहरीले जनाएको छ।

मध्य मेक्सिकोको एट्लिक्समा भएको सो हत्याकाण्डको अनुसन्धान शुरू भएको प्रहरीले जनाएको छ। शहरको एक निजी बस्तीमा भएको सो हत्याकाण्डमा तीनजना महिला पनि रहेका छन्।

पुएबला प्रान्तका न्यायाधिवक्ताको कार्यालयले सो घटनाको अनुसन्धान शुरू भएको र यसमा लागू औषधका कारोबारीहरूको हात रहेको अनुमान गरिएको बताएको छ। मारिएका नौजनालाई नै टाउको, खुट्टा र छातीमा गोली हानिएको सो कार्यालयले जानकारी दिएको छ।

हत्या गरिएको सो घरको वरपर यस अघि पनि लागू पदार्थ किनबेच हुने गरेको थियो। त्यसैले यो हत्याकाण्ड पनि लागू पदार्थको किनबेचमा संलग्न समूहरूबीच झगडाका कारण हुन सक्ने अनुमान गरिएको प्रहरीले जनाएको छ।

मृतकहरूको पहिचान हुन सकेको छैन। तीमध्ये कतिपय सोही घरका भए पनि सबैजना भने नभएको अनुमान गरिएको प्रहरीले जनाएको छ। रासस

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

**आजको राशिफल**

| | |
|---|---|
| मेष – विजय | वृष – धनलाभ |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – प्रगति | वृश्चिक – रोगभय |
| धनु – यात्रालाभ | मकर – कडाश्रम |
| कुम्भ – ज्ञानोदय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**वीरगंज महानगरपालिकाको सूचना**

सार्वजनिक यातयातका साधनहरूमा महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको लागि आरक्षित सिट राख्नुपर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक सवारीहरूमा सो व्यवस्था गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै सो व्यवस्था पालना नगरिएको पाइएमा कानूनबमोजिम कारबाई हुने जानकारी गराइन्छ।

वीरगंज महानगरपालिका कार्यालय

## निजगढमा जनचेतनामूलक सडक नाटक प्रदर्शन

प्रस, निजगढ, २६ फागुन/

बाराको निजगढमा राष्ट्रिय सङ्गीतकर्मी सङ्घको आयोजनामा सडक नाटक प्रदर्शन गरिएको छ। उक्त नाटकमा व्यस्तताको नाउँमा घरपरिवार र आफ्नो सन्तानको निगरानी नगर्दा कतै कुलतमा फसेर मृत्युसमेत हुने, घरमा बिरामी पर्दा रूढिवादी धामी–झाँक्रीको मात्र भर नपरी चिकित्सकसँग उपचार गराउन सन्देश दिइएको थियो। स्वस्थ शरीरले सकारात्मक सोच पैदा हुन्छ, जसले गर्दा घरपरिवार, समाज र राष्ट्रलाई नै फाइदा पुग्ने सन्देश सडक नाटकले प्रवाह गरेको थियो।



तस्वीर: प्रतीक

कार्यक्रममा निजगढ नगरपालिकाका प्रमुख सुरेशकुमार खनालले आधुनिक समयमा पनि यस्ता सडक नाटकले सकारात्मक सन्देश प्रवाह गर्ने बताउँदै नगरका अन्य स्थानमा पनि प्रदर्शन गर्न आग्रह गरे। त्यसैगरी, उपप्रमुख लीलादेवी लामिछानेले नाटक जीवन्त र प्रत्यक्ष अभिनयबाट देखाइने कला भएकोले मानिसमा गहिरो सकारात्मक छाप पर्ने भएकोले सडक नाटकले झनै जनचेतना फैलिने बताइन्।

कार्यक्रममा राष्ट्रिय दोहोरी कलाकार घमेश दुलाल, गायिका मीना प्रसाई, गायक बद्री राउतलगायतले सन्देशमूलक गीत प्रस्तुत गरेका थिए। निजगढ नपाको आर्थिक सहयोगमा गरिएको सो नाटक राष्ट्रिय सङ्गीतकर्मी सङ्घ मधेस प्रदेशको आयोजनामा भएको हो। आयोजक सङ्घका अध्यक्ष नवराज राउतको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन खड्गप्रसाद उप्रेतीले गरेका थिए।

## काङ्ग्रेस बारामा नेतृत्वको लागि शनिवार मतदान हुने

प्रस, वीरगंज, २६ फागुन/

नेपाली काङ्ग्रेस, बारामा नेतृत्व चयनको लागि दोस्रो चरणको मतदान पर्सि शनिवार हुने भएको छ।

बुधवार भएको मतदानको नतीजा अनुसार तीनवटा समूहमध्ये कुनै पनि समूहले ५१ प्रतिशत मत ल्याउन नसक्दा नयाँ नेतृत्वको लागि दोस्रो चरणको मतदान हुन लागेको बाराका निर्वाचन अधिकृत राजकुमार उप्रेतीले जानकारी गराए। उनका अनुसार बुधवारको मतदानमा कुल दुई हजार ४८२ मतदातामध्ये दुई ३९९ मत खसेको थियो।

जसमा संस्थापन पक्षबाट सभापतिका उम्मेदवार राजेशराय यादवले सर्वाधिक ८३३, संस्थापन पक्षकै अर्का सभापतिका उम्मेदवार शम्भुबहादुर बुढाथोकीले ८०९ र संस्थापन इतर पक्ष कोइराला समूहको सभापतिका उम्मेदवार रामानन्द यादवले ७०८ मत ल्याएका थिए। पहिलो चरणको मतदानमा तेस्रो भएका रामानन्द यादव मतदानबाट बाहिरिए पनि उनले कुन उम्मेदवारलाई समर्थन गर्ने भन्नेबारेमा हालसम्म निर्णय गर्न सकेका छैनन्।

जसले गर्दा राजेशराय यादव र शम्भुबहादुर बुढाथोकीमध्ये कसले बाजी मार्ला निधो हुन सकेको छैन।

### सन्दर्भ मिर्गौला.........

एकजना युवकको मिर्गौला बिक्री गरेको आरोपमा काभ्रेपलाञ्चोककै तीनजनालाई पक्राउ गऱ्यो। उनीहरूले दाजुको मिर्गौला तस्कर खोज्ने क्रममा लागेका युवकलाई नै झुक्याएर उनको एउटा मिर्गौला भारतमा लगेर बिक्री गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जनायो। घटनाक्रमले भने जिल्लामा मिर्गौला तस्कर पुनः सक्रिय भएको देखाएको छ।

उक्त घटनामा भुम्लु गाउँपालिकाका ३५ वर्षीय कुमार परियार, उनका भाइ ३३ वर्षीय देवराज र पाँचखालका ३१ वर्षीय कुमार परियारलाई मिर्गौला तस्करीमा संलग्न रहेको जनाउँदै समातिएको हो। आरोपितले ती युवकको एउटा मिर्गौला भारतको कोलकातास्थित एमआरआई अस्पतालमा शल्यक्रिया गरी बिक्री गरेको अनुसन्धानबाट खुलेको थियो। दाजुको मिर्गौला बिक्री गर्ने तस्कर खोज्दाखोज्दै तस्करले निशानामा पारेका उनै युवकको जाहेरीपछि प्रहरीले तस्करीको खोजबिन थालेको थियो।

काभ्रेबाट केही वर्षदेखि मानिसको शरीरको महत्त्वपूर्ण अङ्ग मिर्गौला तस्करी रोकिएको अनुमान गरिए पनि २०७५ जेठ १० गते तस्करले काभ्रे जिल्ला बनेपा नपा–२ टुकुचानालास्थित गिरीगाउँका २९ वर्षीय पुरुषलाई झुक्याएर उनको एउटा मिर्गौला भक्तपुरका ५१ वर्षीय एक पुरुषलाई मानव अङ्ग प्रत्यारोपण केन्द्र भक्तपुरमा प्रत्यारोपण गराएका थिए। उक्त घटनामा संलग्नलाई प्रहरीले हालसम्म पक्राउ गर्न सकेको छैन। तर प्रहरीले ज्याम्दी र होक्सेमा मिर्गौला तस्करी गर्ने सातजनालाई विसं २०७० वैशाखमा कानूनी कारबाई गरेको थियो।

जानेर–नजानेर आफ्नो शरीरको महत्त्वपूर्ण अङ्ग मिर्गौला बेचेका उनीहरूको जीवनशैली दिनानुदिन कारुणिक बन्दै गएको देखिन्छ। विशेषगरी शारीरिक र आर्थिक अवस्था निकै कमजोर भइसकेकाले आयआर्जनका वैकल्पिक काम गर्नसमेत सकेका छैनन्। घटना विवरण अनुसार काभ्रेको तत्कालीन होक्से र ज्याम्दी गाविसबाट २४ वर्ष अघिदेखि मिर्गौला तस्करी हुने गरेको थियो। तत्कालीन होक्से गाविस–१ स्थित एक ठकुरी परिवारका सातजनाले मिर्गौला बेचेपछि उनीहरू विसं २०६८ मा गाउँ छाडेर हिंडेका थिए।

१९ वर्ष अघि मिर्गौला बेचेका मण्डनदेउपुर नगरपालिका–१२ ज्याम्दीका नवराज मिजार खुलेरै मिर्गौला बिक्रीपछि दुखाइ कम गर्न रक्सी खाने गरेको र मिर्गौला बेचेर आएको पैसा पनि सकेर जमीन पनि सकेको बताउँछन्। "अहिले त मैले रक्सी छाडिसकें, अब हामी मिर्गौला बेचेका केही मिलेर शरीर र परिवारमा हुने बेफाइदाबारे समाजमा चेतना बाँड्ने कि भनी सोच्दैछौं"–उनले भने। उनलाई 'तस्कर'ले भारत, दिल्लीमा जागीर लगाइदिने प्रलोभन दिएर मिर्गौला बेच्न बाध्य पारेको थियो।

केही वर्ष अघि होक्से र ज्याम्दीमा चेतनामूलक कार्यक्रम गरेको जनाधिकार संरक्षण मञ्च (पिपिआर)नामक संस्थाको प्रतिवेदनमा पाँचखाल नगरको होक्से तथा जोरपिपलका ११२, पाँचखालका १०२ तथा ज्याम्दीका ५६ जनाले आफ्नो एउटा मिर्गौला बेचेको उल्लेख छ। उसको प्रतिवेदनमा यीमध्ये पुरुषभन्दा महिलाको सङ्ख्या तेब्बर देखिन्छ।

मिर्गौला तस्करीमा संलग्नलाई मानव बेचबिखन तथा ओसारपसार ऐन २०६४ अन्तर्गत १० वर्ष कैद र रु दुई लाखदेखि पाँच लाखसम्म जरिवाना सजाय हुनेछ। पीडकलाई गरिएको जरिवानामध्ये आधा रकम पीडितलाई क्षतिपूर्ति भराइदिने कानूनी व्यवस्था छ।

नेपालमा मानव अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन–२०५५ को संशोधन २०७२ मा नाता पर्ने प्रायः सबैले अङ्गदान गर्न सक्ने व्यवस्था गरिएको छ। उक्त ऐनले दुई वा दुईभन्दा बढी परिवारमा अङ्ग साटासाट गर्न सकिने व्यवस्था पनि गरेको छ।

**विद्यालयको नाम र ठेगाना परिवर्तन गरिएको सूचना**

पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं. ११ स्थित स्टुडेन्ट्स नेक्टर स्कूल प्रा.लि.को विद्यालयको नाम Students Nectar School Pvt. Ltd., वीरगंज–११ को नाम र ठेगाना परिवर्तन भई A. Plus Academy Parsa, वीरगंज–१४ कायम गर्न माग भई आएकोले माग अनुसारको कारबाई अगाडि बढाउनुपर्ने भएकोले उक्त विद्यालयउपर कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हकदावी भएमा आवश्यक प्रमाणसहित दावी गर्नुहुन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, गुलरिया-८, धोबिनी गाउँपालिका-३, पर्साको शिक्षक आवश्यकता**

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७८/११/२४ गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त तपसिलका पद पदपूर्तिको लागि खुला विज्ञापन आह्वान गरिएको बेहोरा जानकारी गराइन्छ।

| क्रसं | विज्ञापन नं | पद | तह/श्रेणी | दरबन्दी | माग सङ्ख्या | नियुक्तिको किसिम | न्यूनतम शैक्षिक योग्यता | सेवा सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/०७८/७९ | शिक्षक | प्रावि तृतीय | साधारण | १ | करार | आइएड वा सोसरह | नेपाल सरकारको नियम अनुसार |
| २ | २/०७८/७९ | कार्यालय सहयोगी | श्रेणीविहीन | नेपाल सरकारको अनुदान | १ | अस्थायी | कक्षा ८ उत्तीर्ण | |

- परीक्षाको किसिमः विज्ञान नं १ (शिक्षक)को लागि लिखित र अन्तर्वार्ता। विज्ञापन नं २ (का.स.)को लागि अन्तर्वार्ता।
- दरखास्त दिने मितिः विज्ञापन नं. १ (शिक्षक) को २०७८/११/२५ देखि २०७८/१२/०९ गतेसम्म,
  विज्ञापन नं. २ (का.स.) को २०७८/११/२५ देखि २०७८/१२/०१ गतेसम्म।
- उमेरः १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको। दरखास्त दिने स्थानः श्री ने.रा. आधारभूत विद्यालय, गुलरिया–८, धोबिनी गापा–३, पर्सा
- सम्पर्क मितिः विज्ञापन नं १ (शिक्षक)को मिति २०७८/१२/१० गते, विज्ञापन नं २ (का.स.)को लागि २०७८/१२/०२ गते
- परीक्षा मितिः सम्पर्क मितिको दिन तोकिनेछ।
- आवेदन दस्तुरः विज्ञापन नं १ (शिक्षक)को लागि रु १५००/– (एक हजार पाँच सय मात्र),
  विज्ञापन नं. २ (का.स.) को लागि रु ५००/– (पाँच सय मात्र)
- पेश गर्नुपर्ने कागजातहरूः विज्ञापन नं. १ (शिक्षक)को हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रतिलिपि। विज्ञापन नं २ (का.स.)को लागि हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।
- पाठ्यक्रमः शिक्षक सेवा आयोगद्वारा निर्धारित पाठ्यक्रम (शिक्षकको लागि)

***नोटःविज्ञापन नं १ (शिक्षक)को लागि करार सूचीका उम्मेदवार नआएमा मात्र खुला प्रतिस्पर्धा गरिनेछ। सम्पर्कः नं. ९८२९२२८५४०***

# काठ तस्कर तीनजनासहित टयाक्टर र स्कूटी पक्राउ

प्रस, निजगढ, २६ फागुन/

बारामा काठ चोरी तस्करीका घटनामा गत वर्ष केही कमी आए पनि चोरी तस्करीका घटना फेरि बढ्न थालेको छ। जिल्लाको वन क्षेत्रको नाका कुरेर बसेका सशस्त्र वनरक्षक र वन कर्मचारीलाई झुक्याउँदै काठ चोरी तस्करीका घटना भइरहे पनि गत बिहीवार राति करीब २ बजे डिभिजन वन कार्यालय, बारालाई सफलता मिलेको छ।

बाराको निजगढ–कोल्हवी सडकखण्डको भीमसखुवा सडक हुँदै कोल्हवीतर्फ गइरहेको शङ्कास्पद टयाक्टरलाई चेकजाँच गर्दा सालको चिरान काठले भरिएको एक टेलर काठसहित तीनजना तस्कर र टयाक्टरलाई स्कर्टिङ गर्ने बा.६४प ७८३४ नम्बरको स्कूटीसमेत सशस्त्र वनरक्षकको टोलीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा निजगढ नगरपालिका–८ बस्ने वर्ष २८ को चन्द्रे माझी, वर्ष २४ को सन्तोष कुशवार र जीतपुरसिमरा उपमहानगरपालिका–१६ टाँगियाबस्तीका २२ वर्षका शेरफ बमजन रहेको डिभिजन वन कार्यालय, बाराले जनाएको छ।

ना.४ त ७७९ नम्बरको टयाक्टरमा माथि धानको भुस राखी तल सालको चिरान काठ राखी कोल्हवी हुँदै सिम्रौनगढ लैजाँदै गर्दा पक्राउ परेको हो।

उक्त चिरान काठ जीतपुरसिमरा उपमहानगरपालिका–१६ टाँगियाबस्तीबाट



तस्वीरः प्रतीक

जिल्लाकै दक्षिण भेग सिम्रौनगढ लैजान लागेको खुलेको छ। पक्राउ परेका अभियुक्तहरूमाथि अनुसन्धान शुरू भइसकेको डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले जानकारी दिए।

पक्राउ गरिएको उक्त टयाक्टर, काठ, स्कूटी र तस्करहरू तामागढी सबडिभिजन वन कार्यालय, निजगढ, कोल्हवी सबडिभिजन वन कार्यालय र डिभिजन वन कार्यालय, बाराले संयुक्तरूपमा पक्राउ गरेको कोल्हवी सबडिभिजन वन कार्यालयका इन्चार्ज एवं रेन्जर अब्दुल करिम मियाँले जानकारी दिए।

कोल्हवी नाकामा इलाका प्रहरी कार्यालय, कोल्हवी र झुरझुरे प्रहरी चौकी सडकछेउमैं रहे पनि काठ तस्करलाई प्रहरीले पक्राउ नगर्दा त्यस नाकाबाट काठ चोरी तस्करी हुँदै आइरहेको घटनाक्रमले देखाएको छ। करीब एक महीनाअघि सोही नाका भएर पिकअप भ्यानमा बाराको राष्ट्रिय वन क्षेत्रबाट दुईवटा हरियो रूख ढालेर ९ गिन्डा सालको गोलिया लगिएको थियो। वन कर्मचारीले सूचना पाएपछि पिछा गर्दै जाँदा पनि काठ तस्करहरूछिमेकी जिल्ला रौतहटको विजयपुरतर्फ लागेको डिवका, बारालाई सूचना प्राप्त भएपछि खोजी कार्य भइरहेको वन कार्यालय, बाराले जनाएको छ।

## गाँजा बरामद

प्रस, पंचगावाँ, २६ फागुन/

प्रहरी चौकी रङ्गपुरले गएराति पटेर्वासुगौली गाउँपालिका–२ चाफीटोलबाट २५ किलो गाँजा बरामद गरेको छ।

तस्करहरूले प्रहरीलाई देखेपछि दुई पोका गाँजा (२५ किलो) छाडेर फरार भएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले जनाएको छ।

# काङ्ग्रेस धनुषाको मतदान शुक्रवार हुने

प्रस, धनुषा, २६ फागुन/

नेपाली काङ्ग्रेस, धनुषाको नेतृत्व चयनका लागि बिहीवार हुने भनिएको निर्वाचन भोलि शुक्रवार सारिएको छ। काङ्ग्रेस, धनुषाको सभापति पदको लागि दोस्रो चरणको निर्वाचन बिहीवार हुने भनिएको थियो। तर भोलि शुक्रवार बिहान ८ बजेदेखि तिरहुतिया गाछीमा निर्वाचन हुने निर्वाचन अधिकृत अरुणकुमार ज्ञवालीले बताए।

पहिलो चरणको प्रतिस्पर्धापछि कोइराला समूहको सभापति पदका उम्मेदवार दिनेश प्रसैला यादवले निधि समूहका उम्मेदवार योगेन्द्र पजियारलाई समर्थन गरे। दोस्रो चरणको निर्वाचनको पूर्वसन्ध्यामा सर्वसहमति गराउने प्रयास विफल भएपछि प्रसैलाले पहिलो चरणको निर्वाचनमा सबैभन्दा बढी मत ल्याएका पजियारलाई समर्थन गर्ने निर्णय गरे।

प्रसैलाले पजियार र दोस्रो स्थानमा रहेका देउवा समूहका उम्मेदवार सन्तोष यादवबीच सहमति गराउने प्रयास गरेका थिए। तर देउवा समूह सहमतिका लागि तयार नभएपछि तीनवटै समूहको दौडधूप शुरू भएको थियो। गत मङ्गलवार अबेर राति भएको मतगणनामा कुनै उम्मेदवारले ५१ प्रतिशत मत ल्याउन नसक्दा दोस्रो चरणको मतदान हुने भएको हो। गत सोमवार भएको मतदानमा कुल तीन हजार १७३ मतदातामध्ये दुई हजार ९१२ जनाले मत खसाएका थिए। खसेको मतमध्ये योगेन्द्र पजियार अग्रस्थानमा रहँदै एक हजार २४८ मत ल्याए भने अर्का प्रतिस्पर्धी सन्तोष यादवले ८८२ मत ल्याएका थिए। त्यस्तै, दिनेश प्रसैलाले ६३० मत प्राप्त गरेका थिए।

# नगरप्रमुख रौनियार नेकामा प्रवेश

प्रस, वीरगंज, २६ फागुन/

पोखरिया नगरपालिकाका प्रमुख दीपनारायण रौनियार (मन्टु) नेपाली काङ्ग्रेसमा प्रवेश गरेका छन्। रौनियारलाई नेपाली काङ्ग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले टीका लगाएर पार्टी प्रवेश गराएका थिए।

होटल लर्ड्स दियालोमा आयोजित नवनिर्वाचित जिल्ला कार्यसमितिको सम्मान कार्यक्रममा सहभागी भएका प्रधानमन्त्री देउवाले नगरप्रमुख रौनियारलाई पार्टी सदस्यता प्रदान गरेका थिए। रौनियार जनता दलबाट निर्वाचित नगप्रमुख रहेको र हाल सो पार्टीको आन्तरिक द्वन्द्वका कारण सो पार्टी छाडी नेपाली काङ्ग्रेसमा प्रवेश गरेका हुन्।



नगरप्रमुख दीपनारायण रौनियार

# गापा उपाध्यक्ष थरुनीमाथि पक्राउ पुर्जी

प्रस, वीरगंज, २६ फागुन/

सखुवाप्रसौनी गाउँपालिकाकी उपाध्यक्ष फूलमतीदेवी थरुनीमाथि जिल्ला प्रहरी कार्यालय, पर्साले अभद्र व्यवहारको मुद्दा दर्ता गरेको छ।

केही दिनअघि गापा अध्यक्ष प्रदीप जैसवाललाई दुर्व्यवहार गरेको भिडियो सार्वजनिक भएपछि सोही भिडियोको प्रमाणको आधारमा गापा अध्यक्ष जैसवालले उजुरी दिएका थिए।

गापा अध्यक्ष जैसवालको उजुरीको आधारमा गापा उपाध्यक्ष थरुनीमाथि मुद्दा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेतले बताए।



प्रउ बस्नेतका अनुसार उनीविरुद्ध पक्राउ पुर्जी जारी भएको र अहिलेसम्म सम्पर्कमा नआएको बताए। उनले प्रहरी परिचालन गरिसकेको र चाँडै उपाध्यक्ष थरुनीलाई नियन्त्रणमा लिने बताए।

# ११८ बोरा चामलसहित पिकअप भ्यान नियन्त्रण

प्रस, वीरगंज, २६ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छली भारतबाट ल्याएको ११८ बोरा चामलसहित पिकअप भ्यान नियन्त्रणमा लिएको जनाएको छ।

बुधवार राति वीरगंज–११ रानीघाट सडकखण्डबाट प्रदेश ०३–००१ च ०५२२ नम्बरको पिकअप गाडी र सोमा लोड गरिएको ११८ बोरा चामल नियन्त्रणमा लिई आज राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारामा बुझाइएको जिप्रका, पर्साले जनाएको छ।

प्रज्ञापनपत्रविनाको भारतीय चामल वीरगंजबाट बाराको जीतपुरतर्फ लाँदै गरेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको जिप्रका, पर्साले जनाएको छ।





तस्वीर सौजन्यः जिप्रका, पर्सा


- खेतबारी तथा उर्वर भूमि बाँझो नराखौं।
- भूमिको अधिकतम उपयोग गरौं।
- कृषिलाई आत्मनिर्भर मात्र होइन व्यावसायिक बनाऔं।
- भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी
- अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# विषयविज्ञसँग कार्यशाला गोष्ठी

बलिराम शुक्ला, बिरुवागुठी, २६ फागुन/

जनता मावि प्राविधिक शिक्षालय, पकडिया बडनिहारको आयोजना र व्यवसायी शिक्षा तथा तालीम अभिवृद्धि परियोजनाको सहयोगमा विद्यालय गुणस्तर सुधार कार्यक्रम अन्तर्गत रोजगारदाता एवं विषयविज्ञसँग कार्यशाला गोष्ठी सम्पन्न भएको छ।





तस्वीरः प्रतीक

प्रधानाध्यापक मोहनप्रसाद चौधरीको अध्यक्षतामा भएको कार्यशाला गोष्ठीमा कृषि ज्ञान केन्द्र, पर्साका प्रमुख मुनीलाल प्रसादले कृषि क्षेत्रमा खेतीयोग्य जग्गाहरूको प्लटिङ भइरहेको कारण खेतीयोग्य जग्गाको नाश भइरहेको बताए। उनले यसको रोकथाम नगरे खाद्यान्न सङ्कट हुन सक्ने बताए।

कार्यक्रममा कृषि औजार अनुसन्धान केन्द्रका प्रतिनिधि राजीव यादवले आधुनिक कृषि औजार उपकरणको प्रयोग गर्न सुझाव दिए।

पशुरोगविज्ञ डा दिनेश तिवारीले पशुमा लाग्ने रोग र त्यसको उपचारबारे सहभागीहरूलाई प्रशिक्षण दिएका थिए।

कार्यक्रममा विभिन्न रोजगारदाता, कृषि भेटेरिनरीमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता थियो। गोष्ठीमा पूर्वप्रअ अरुणकुमारलाल कर्णलगायतले मन्तव्य राखेका थिए भने स्वागत शिक्षालयका प्रमुख तपेश्वर यादव र सहजीकरण शिक्षक राजन गिरीले गरेका थिए।

# दुर्घटनामा १४ जनाको मृत्यु, पाँचजना घाइते

खाँदबारी, २६ फागुन/रासस

सङ्खुवासभाको मादी नगरपालिका–६ मा बस दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या १४ पुगेको छ।

मादी–६ को सातघुम्तीमा भएको बस दुर्घटनामा परेर हालसम्म १४ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए।

बिहीवार बिहान ७:३० बजे मादीको ओखरबोटे बजारबाट झापाको दमकतर्फ जाँदै गरेको बस दुर्घटनामा परेको थियो। मृतकको पहिचान भइसकेको छैन।

बस दुर्घटनामा परेका पाँचजनाको जीवितै उद्धार गरिएको प्रहरीले जनाएको छ।

दुर्घटनामा मृतकबारे विवरण सङ्कलन भइरहेको प्रहरीले बताएको छ।

बस सडकबाट करीब ३०० मिटर तल खसेको थियो। घटनास्थलमा सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयले उद्धार गरिरहेका छन्।








मधेस प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
**यातायात व्यवस्था कार्यालय (सवारी)**
वीरगंज, नेपाल

**क्याटलग सपिङ विधिबाट मोटरसाइकल खरीदसम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

प्रकाशित मितिः २०७८/११/२७ गते

यस कार्यालयको आव २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मोटरसाइकल ४ (चार) थान क्याटलग सपिङ विधिबाट खरीद गर्नुपर्ने भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८, सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ख) र प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को अनुसूची ७ अनुसार १५० सिसी वा रु २,५०,०००/– सम्म खरीद गर्नुपर्ने व्यवस्था भएकोले सोही बमोजिम इच्छुक मोटरसाइकल उत्पादक कम्पनी वा अधिकृत विक्रेताहरूले फर्म दर्ता (नवीकरणसहित), भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization, आव २०७७/७८ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समावेश गरी सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ख) अनुसार मोटरसाइकलको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५औं दिन १२:०० बजेसम्म यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। दर्ता गरिएका सिलबन्दी प्रस्तावहरू सोही दिन २:०० बजे खोलिनेछ।

निमित्त कार्यालय प्रमुख